# राष्ट्रिय कृषि नीति, २०८३

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०३।२४ को निर्णयानुसार स्वीकृत

नेपाल सरकार

**कृषि, वन तथा पर्यावरण मन्त्रालय**

# विषयसूची


परिच्छेद १: परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ समस्या तथा चुनौती ........ २

१.३ नयाँ नीतिको आवश्यकता ........ ३

परिच्छेद २: नीति संरचना ........ ६

२.१ दूरदृष्टि (Vision) ........ ६

२.२ ध्येय (Mission) ........ ६

२.३ लक्ष्य (Goal) ........ ६

२.४ उद्देश्य (Objectives) ........ ६

२.५ नीति (Policy) ........ ७

२.६ रणनीति (Strategy) ........ ७

२.७ कार्यनीति (Action Policy) ........ ९

परिच्छेद ३: नीति कार्यान्वयन ........ २८

३.१ संस्थागत व्यवस्था ........ २८

३.२ कानूनी व्यवस्था ........ ३०

३.३ वित्तीय व्यवस्था ........ ३१

३.४ नीति समन्वय र सामञ्जस्यता ........ ३१

३.५ जोखिम पहिचान र व्यवस्थापन ........ ३३

३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन ........ ३४

३.७ नीति कार्यान्वयन कार्ययोजना ........ ३४

३.८ खारेजी र बचाउ ........ ३५

अनुसूची-१: नीति कार्यान्वयन कार्ययोजना ........ ३६

# परिच्छेद १:  परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी हकको प्रभावकारी कार्यान्वयन तथा दिगो र समृद्ध कृषि अर्थतन्त्रको आधारशिला तयार गर्न कृषि क्षेत्रमा विद्यमान चुनौतीहरूको समाधान र उपलब्ध अवसरहरूको सदुपयोग गर्ने उद्देश्यले राष्ट्रिय कृषि नीति, २०८३ तर्जुमा गर्न आवश्यक भएको।

हाल राष्ट्रिय कृषि नीती, २०६१ कार्यान्वयनमा रहेकोमा कृषि विकाससम्बन्धी कार्य र भूमिकालाई सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारको रूपमा सूचीकृत भएको अवस्थामा तीनै तहबिचको समन्वय, सहकार्य तथा सहअस्तित्वलाई प्रभावकारी बनाउनु आवश्यक रहेको। यसका साथै कृषि व्यवसायिकरणमा आएको बढोत्तरीलाई सम्बोधन गर्न र जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको प्रभाव न्यूनीकरण गर्नका साथै खाद्य स्वच्छता कायम गर्न नीतिगत सम्बोधन आवश्यक रहेकोले नयाँ कृषि नीति तर्जुमा गर्न आवश्यक देखिएको।

नेपालमा कृषि क्षेत्रको योजनाबद्ध तथा संस्थागत विकासको थालनी वि. सं. २००८ सालमा कृषि विभागको स्थापनासँगै भएको हो। त्यसयता, विभिन्न समयमा यस क्षेत्रको संरचनागत सुधारका साथै संस्थाहरूको गठन, पुनर्गठन र नीतिगत व्यवस्थामा हेरफेर र परिमार्जन हुँदै आएको छ। नेपालमा कृषि विकासका लागि भएका प्रयासहरू मुख्यतः उत्पादन तथा उत्पादकत्व वृद्धि, बाली तथा पशु उत्पादनमा विविधता, व्यवसायीकरण, गुणस्तर सुनिश्चितता, रोजगारी सिर्जना तथा गरिबी निवारणमा केन्द्रित रहँदै आएका छन्।

वि. सं. २०७२ सालमा नेपालको संविधान कार्यान्वयनमा आए पश्चात् कृषि विकाससम्बन्धी विभिन्न कार्यहरूको अधिकार र जिम्मेवारी सङ्घ, प्रदेश तथा स्थानीय तहमा विभाजित भई तदनुरूपका नयाँ संरचनाहरू स्थापना भएर सञ्चालनमा रहेका छन्। त्यस्तै, गैरसरकारी तथा निजी क्षेत्रसमेत तीनै तहका सरकारी निकायसँग

सहकार्य गर्दै कृषि अनुसन्धान, प्रसार तथा विकासका गतिविधिहरूमा संलग्न हुँदै आएका छन्।

हाल कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४.५६ प्रतिशत रहेको छ र देशको श्रमशक्तिको करिब ५७.३ प्रतिशत हिस्सा प्राथमिक क्षेत्र (कृषि, वन तथा मत्स्यपालन) मा संलग्न रहेका छन्। समग्रमा पछिल्लो तीन दशकमा कृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर ३ प्रतिशत हाराहारी मात्र छ।

प्रस्तुत नीति नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्तअन्तर्गत मूलत: आर्थिक उद्देश्य हासिल गर्ने कुरामा केन्द्रित छ र कृषि क्षेत्रको तिव्रतर वृद्धि र दिगो विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रलाई सक्षम, समावेशी, सुदृढ र आत्मनिर्भर बनाउने मार्गचित्रको रूपमा रहनेछ। सङ्घ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरूले आफ्ना अधिकार क्षेत्रभित्र रही कृषि क्षेत्रको विकाससम्बन्धी योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा १६औं आवधिक योजनाले लिएका कृषि विकाससम्बन्धी रणनीति, खाद्यप्रणाली रूपान्तरण रणनीतिक योजना, दिगो विकास लक्ष्य तथा विकासशील देशमा स्तरोन्नतिसम्बन्धी रणनीतिहरू कार्यान्वयनमा यस नीतिले मार्गदर्शन गर्नेछ।

## १.२ समस्या तथा चुनौती

नेपालको कृषि क्षेत्रको विकासमा विभिन्न चुनौतीहरू छन्। उन्नत प्रविधिको सीमित प्रयोग र भूमिको बढ्दो खण्डीकरणले उत्पादनशीलता घटाइरहेको छ। सिँचाइ, जल निकास, सडक, विद्युत, भण्डारण, सूचना प्रविधि र बजार पूर्वाधारको कमीका कारण कृषि क्षेत्रको विकास अपेक्षाकृत रूपमा अघि बढ्न सकेको छैन। एकातर्फ कृषि क्षेत्रमा युवा जनशक्ति आकर्षित गर्न नसकिएकोले जनशक्ति अभावका कारण जमिन बाँझो रहने क्रम बढ्दै गएको छ। अर्कोतर्फ उर्वर कृषि भूमिको अनियन्त्रित हिसाबले गैरकृषि प्रयोजनमा उपयोग भइरहेका कारण उत्पादनयोग्य जमिन कम हुँदै गएको छ। कृषि शिक्षा, अनुसन्धान र प्रसारसेवाबिच कमजोर समन्वयले कृषकहरूलाई आवश्यक प्रविधि तथा ज्ञान, सिप प्रदान गर्न कठिनाइ भइरहेको छ। सङ्घ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमहरूबिच समन्वयको कमीका कारण नीति तथा

कार्यक्रमहरूको कार्यान्वयनमा एकरूपता कायम हुन सकेको छैन। वस्तुपरक तथ्याङ्क सङ्कलन र व्यवस्थापनमा पनि कमजोरी देखिएको छ। गुणस्तरीय कृषि सामग्रीहरूको अपर्याप्तताले उत्पादकत्वमा प्रतिकूल असर पारिरहेको छ। कृषि उत्पादनमा रसायनहरूको समुचित प्रयोग नहुँदा खाद्य स्वच्छतामा मात्र नभै माटोको उर्वरता र वातावरणीय क्षेत्रमा पनि असर देखिएको छ। जलवायु परिवर्तनका कारण सृजित समस्याहरू: बाढी, पहिरो, भूक्षय, सुख्खा खडेरी, अनावृष्टि, अतिवृष्टि आदिको प्रभावकारी सामना र व्यवस्थापन कृषि क्षेत्रको विकासका लागि नविन चुनौतीका रूपमा देखा परेका छन् ।

## १.३ नयाँ नीतिको आवश्यकता

कृषि क्षेत्रका उपरोक्त चुनौतीहरू सामना गर्न बहुआयामिक पहल आवश्यक देखिन्छ। कृषि पूर्वाधारको विकास, गुणस्तरीय कृषि सामग्री तथा प्रविधिको सहज र सुलभ उपलब्धता सुनिश्चित गर्दै तीनै तहका सरकारबिच कार्यान्वयनमा आधारित साझेदारी र समन्वयलाई प्रभावकारी बनाउनु अत्यावश्यक छ।

कृषि शिक्षा, प्रसार तथा अनुसन्धानलाई सशक्त बनाउँदै समन्वयात्मक रूपमा कृषि जनशक्ति विकास र क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ। कृषिमा आर्थिक रूपमा सक्रिय युवा जनशक्तिलाई आकर्षित गर्दै बाँझो जमिनको उचित सदुपयोग गर्ने र भूमिको खण्डीकरण रोक्ने तथा कृषि भूमिको गैरकृषि प्रयोजनमा भइरहेको प्रयोगलाई निरुत्साहित गर्ने नीति अवलम्बन गर्न अति आवश्यक भएको छ।

कृषिको व्यवसायीकरण उन्मुख क्षेत्रहरूमा रासायनिक मल एवं विषादीहरूको बढ्दो एवं असन्तुलित प्रयोगका कारण पर्यावरण एवं माटोको उर्वराशक्तिमा ह्रास हुँदै गएको छ। पर्यावरणमैत्री एवं दिगो खेती प्रणालीको अवलम्बन मार्फत माटोको अवस्थामा सुधार गर्ने, माटोलाई जीवित राख्न तथा माटोमा प्राङ्गारिक पदार्थको मात्रा बढाउनका लागि कृषि उत्पादनका क्रममा उत्पादन हुने बालीजन्य अवशेषहरूको समुचित उपयोग गर्ने र उत्पादन उपरान्त हुने क्षति न्यूनीकरण गर्ने उपायहरू लागु गर्नुपर्ने छ। जलवायु अनुकूलन तथा असर न्यूनीकरणका लागि देशको वस्तुस्थिति सुहाउँदो प्रविधिको विकास गरी प्राकृतिक स्रोत, वातावरण तथा जैविक विविधताको संरक्षण, संवर्धन तथा दिगो उपयोग सुनिश्चित गर्नु आवश्यक छ।

नेपालले विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूसँग गरेका प्रतिबद्धताहरूलाई सम्बोधन गर्ने हिसाबले कृषि नीति तथा कार्यक्रममा तादात्म्यता ल्याउनु छ। कृषि क्षेत्रका जोखिम तथा अनिश्चितताहरूलाई न्यूनीकरण गर्दै खाद्य र पोषण सुरक्षा प्रत्याभूत गर्न भरपर्दो तथ्याङ्क प्रणालीको विकास गर्नुपर्ने आवश्यकता छ। कृषि क्षेत्रमा सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको लगानी वृद्धि गर्नुपर्नेछ। यस प्रक्रियाबाट मात्रै कृषि कर्मलाई नाफामूलक तथा प्रतिस्पर्धी व्यवसायको रूपमा रूपान्तरण गर्दै आत्मनिर्भर र दिगो कृषि प्रणालीको विकास गर्न सकिन्छ।

नेपाल सरकारले विगतका वर्षहरूमा कृषिसँग सम्बन्धित विभिन्न विषयगत नीतिहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। राष्ट्रिय कृषि नीति, २०६१ ले विभिन्न योजना र अन्य उपक्षेत्रगत नीतिहरूलाई मार्गनिर्देशन गर्दै कृषिको विकासमा योगदान पुर्‍याएको छ। तर, नयाँ संविधान कार्यान्वयनमा आएको सन्दर्भमा कृषि क्षेत्रसँग सम्बन्धित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई सम्बोधन गर्न र विश्वव्यापीरूपमा देखापरेका कृषिक्षेत्र सम्बद्ध चुनौतीहरूको सम्बोधन गर्नका लागि समेत नयाँ नीतिगत व्यवस्था आवश्यक पर्न गएको हो। संविधानले कृषि विकास सम्बन्धी कार्य र भूमिकालाई सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारका रूपमा सूचीकृत गरेको सन्दर्भमा नयाँ नीतिमार्फत तीन तहहरूको भूमिकालाई व्यवस्थित र सुदृढ तुल्याउनु पर्ने आवश्यकता छ।

खाद्य सुरक्षालाई राष्ट्रिय सुरक्षाको आधारको रूपमा आत्मसात गर्दै मौजुदा खाद्य प्रणालीलाई रूपान्तरण गरी दिगो, समतामूलक र उत्थानशील बनाउने दिशातर्फ यो नीति क्रियाशील रहनेछ। खाद्य तथा पोषण सुरक्षाका साथै खाद्य स्वच्छताका सन्दर्भमा विकास भएका नवीन अवधारणाहरू क्रमश: अवलम्बन गर्दै जानुपर्ने पनि छ। साथै, यस नीतिले कृषि तथा पशुपन्छी क्षेत्रमा लगानी, पूर्वाधार, कृषि सामग्री र आधुनिक प्रविधिको सुनिश्चितता गरी आधुनिकीकरण, विविधीकरण र व्यवसायीकरणमार्फत आन्तरिक उत्पादन वृद्धि गरी मुलुकलाई आधारभूत खाद्य वस्तुहरूमा आत्मनिर्भर बनाउने आशा गरिएको छ। साथै, दिगो विकासका लक्ष्यहरू पछ्याँउदै मुलुकले लिएको विकासशील राष्ट्रमा स्तरोन्नति हुने आकाङ्क्षालाई समेत सम्बोधन गर्न कृषि क्षेत्रले सहयोग पुर्‍याउनुपर्ने छ।

प्रस्तुत नीतिले विश्वव्यापीरूपमा देखापरेका खाद्य संकट, खाद्यान्न, तथा रासायनिक मलको मूल्यवृद्धि एवं जलवायु परिवर्तनका कारण नेपालको कृषि क्षेत्रमा देखापरेका समस्याहरूको सम्बोधन गर्नसमेत महत्वपूर्ण भूमिका खेल्ने छ। कृषि क्षेत्रमा सार्वजनिक सेवाको सुदृढीकरण गर्न, विकास प्रयासमा प्रादेशिक सन्तुलन कायम गर्न र आत्मनिर्भर, दिगो र समावेशी कृषि विकासको अवधारणालाई सम्बोधन गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन लक्ष्य प्राप्त गर्न समेत यस नीतिले तीनै तहका सरकारलाई आवश्यक मार्गनिर्देश गर्नेछ भन्ने विश्वास लिइएको छ।

# परिच्छेद २: नीति संरचना

## २.१ दूरदृष्टि (Vision)

समृद्ध राष्ट्रिय अर्थतन्त्रको लागि दिगो र सक्षम कृषि क्षेत्र।

## २.२ ध्येय (Mission)

खाद्य सुरक्षा, खाद्य सम्प्रभुता र समतामूलक एवं दिगो जीविकोपार्जनका लागि समृद्ध कृषि प्रणाली विकास गरी राष्ट्रिय सुरक्षा र स्वाधीनता सुदृढ गर्ने।

## २.३ लक्ष्य (Goal)

कृषि क्षेत्रमा उच्च वृद्धिदर हासिल गरी समग्र राष्ट्रिय अर्थतन्त्र उन्नतिशील र आत्मनिर्भर बनाउन तथा खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गरी कृषि क्षेत्रको आधुनिकीकरण गर्ने।

## २.४ उद्देश्य (Objectives)

२.४.१ आधारभूत खाद्य वस्तुहरूको उत्पादनमा आत्मनिर्भरता हासिल गरी खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गर्नु ।

२.४.२ निर्यातजन्य कृषि वस्तुको व्यवसायीकरण र औद्योगिकीकरणमार्फत निर्यातलाई प्रतिस्पर्धी तुल्याई व्यापार सन्तुलनमा सुधार ल्याउनु।

२.४.३ कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन र सदुपयोग गर्दै दिगो र जलवायु उत्थानशील खाद्य प्रणालीको विकास गर्नु।

२.४.४ सङ्घ, प्रदेश र स्थानीय तहका सरकार तथा बहुपक्षीय सरोकारवालाहरू बिचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउँदै कृषि क्षेत्रमा हुने सेवाप्रवाह र विकासका कार्यमा सुशासन कायम गर्नु।

## २.५ नीति (Policy)

२.५.१ आधारभूत खाद्यवस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल गरिने छ। (२.४.१ सँग सम्बन्धित)

२.५.२ गुणस्तरीय र पोषणयुक्त खाद्यवस्तु पर्याप्त मात्रामा उपलब्ध गराइने छ। (२.४.१ सँग सम्बन्धित)

२.५.३ कृषि क्षेत्रको व्यवसायीकरण र औद्योगिकीकरण मार्फत प्रतिस्पर्धी कृषि उत्पादन प्रवर्धन गरिने छ। (२.४.२ सँग सम्बन्धित)

२.५.४ अन्तर्राष्ट्रिय बजारमा निर्यातयोग्य कृषि उपजहरूको पहुँच विस्तार गरिने छ। (२.४.२ सँग सम्बन्धित)

२.५.५ कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन र सदुपयोग गरिने छ।(२.४.३ सँग सम्बन्धित)

२.५.६ पर्यावरणीय कृषि प्रणालीको प्रवर्धन गरिने छ। (२.४.३ सँग सम्बन्धित)

२.५.७ सङ्घ, प्रदेश र स्थानीय तहबिच नीतिगत सामञ्जस्यता कायम गरिने छ। (२.४.४ सँग सम्बन्धित)

२.५.८ तीन तहका सरकार, निजी क्षेत्र, सहकारी र अन्य सरोकारवाला बिचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइने छ। (२.४.४ सँग सम्बन्धित)

२.५.९ सेवा प्रवाह तथा विकास कार्यक्रममा सुशासन प्रवर्धन गरिने छ। (२.४.४ सँग सम्बन्धित)

## २.६ रणनीति (Strategy)

**नीति २.५.१ सँग सम्बन्धित (आधारभूत खाद्यवस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल गरिने छ।)**

२.६.१ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

२.६.२ समावेशी कृषि यान्त्रीकरण प्रवर्धन गर्ने।

२.६.३ कृषि भूमिको संरक्षण, विकास र सदुपयोग गर्ने।

२.६.४ कृषि प्रविधिको विकास, विस्तार, अनुशरण, र उपयोग प्रभावकारी बनाउने।

२.६.५ कृषकको हित प्रवर्धन र कृषि क्षेत्रको संरक्षण गर्ने।

**नीति २.५.२ सँग सम्बन्धित (गुणस्तरीय र पोषणयुक्त खाद्यवस्तु पर्याप्त मात्रामा उपलब्ध गराइने छ।)**

२.६.६ खाद्य स्वच्छता, खाद्य र पोषण सुरक्षासम्बन्धी विद्यमान नीति नियमहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

२.६.७ विविधतायुक्त स्थानीय खाद्यवस्तु उत्पादन र बजारीकरण प्रवर्धन गर्ने।

२.६.८ खाद्य र पोषण असुरक्षाको अवस्थाको प्रभावकारी सम्बोधन गर्ने।

**नीति २.५.३. सँग सम्बन्धित (कृषि क्षेत्रको व्यवसायीकरण र औद्योगिकीकरण मार्फत प्रतिस्पर्धी कृषि उत्पादन प्रवर्धन गरिने छ।)**

२.६.९ निर्यातको सम्भाव्यता बोकेका बालीवस्तुको पहिचान र व्यवसायीकरण गर्ने।

२.६.१० कृषि उद्यम र बजार पूर्वाधारको विकास, सुदृढीकरण र समुचित उपयोग गर्ने ।

२.६.११ बृहत् कृषि उत्पादन क्षेत्र विकास र विस्तार गर्ने।

२.६.१२ कृषि बजार सुदृढ गर्दै कृषि उपजको प्रभावकारी मूल्य व्यवस्थापन गर्ने।

२.६.१३ कृषि उपजको उत्पादनोपरान्तको व्यवस्थापन सुदृढीकरण गर्ने।

२.६.१४ कृषिमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्ने वातावरण सिर्जना गर्ने।

२.६.१५ स्वदेशी कच्चा पदार्थमा आधारित कृषिजन्य उद्योगहरू प्रवर्धन गर्ने।

**नीति २.५.४ सँग सम्बन्धित (अन्तर्राष्ट्रिय बजारमा निर्यातयोग्य कृषि उपजहरूको पहुँच विस्तार गरिने छ।)**

२.६.१६ निर्यात पूर्वाधारहरूको विकास, विस्तार र सुदृढीकरण गर्ने।

**नीति २.५.५. सँग सम्बन्धित (कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन र सदुपयोग गरिने छ।)**

२.६.१७: कृषि आनुवंशिक स्रोत एवं तिनमा आधारित परम्परागत ज्ञान, सिप र आविष्कारको पहिचान, संरक्षण र सम्मान गर्ने।

२.६.१८: कृषि जैविक विविधताको दिगो उपयोग गर्ने।

**नीति २.५.६. सँग सम्बन्धित (पर्यावरणीय कृषि प्रणालीको प्रवर्धन गरिने छ। )**

२.६.१९ पर्यावरणीय कृषि प्रणालीको प्रवर्धन गर्ने।

२.६.२० माटोको स्वास्थ्य सुधार गर्ने, भूक्षय नियन्त्रण गर्ने।

२.६.२१ जलवायु परिवर्तन उत्थानशील प्रविधि विकास र विस्तार गर्ने।

**नीति २.५.७. सँग सम्बन्धित (सङ्घ, प्रदेश र स्थानीय तहबिच नीतिगत सामञ्जस्यता कायम गरिने छ।)**

२.६.२२: नीतिगत र संरचनागत सुधार गर्ने।

**नीति २.५.८. सँग सम्बन्धित (तीन तहका सरकार, निजी क्षेत्र, सहकारी र अन्य सरोकारवालाबिचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइने छ।)**

२.६.२३: कृषि अनुसन्धान शिक्षा र प्रसारबिचको सम्बन्धलाई प्रभावकारी बनाउने।

२.६.२४: कृषि तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा उपयोगमा समन्वय र सहकार्य गर्ने।

**नीति २.५.९. सँग सम्बन्धित (सेवा प्रवाह तथा विकास कार्यक्रममा सुशासन प्रवर्धन गरिने छ।)**

२.६.२५: कृषि क्षेत्रको सेवा प्रवाहमा सुशासनका आधारभूत पक्षहरूलाई अवलम्बन गर्ने।

२.६.२६: किसानको कल्याणसहित कृषिलाई सम्मानित पेशाको रूपमा स्थापित गर्ने।

## २.७ कार्यनीति (Action Policy)

**रणनीति २.६.१ सँग सम्बन्धित (कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।)**

२.७.१ प्रत्येक स्थानीय तहमा स्थान विशेष आधारभूत उत्पादनका साधनहरु जस्तै मल, बिउ, बेर्ना, नश्ल, चल्ला, माछा भुरा, दानालगायत गुणस्तरीय उत्पादन सामग्री र प्राविधिक सेवाटेवा सहज र सुलभ रूपमा उपलब्ध हुन सक्ने गरी आवश्यक श्रोत केन्द्रहरू र अन्य पूर्वाधार विकास र विस्तार गरिने छ।

२.७.२ कृषि उत्पादन सामग्रीहरू मल, बिउ, नश्ल, दाना, आहारा, मेसिनरी, आदिको प्रभावकारी नियमन गरी उपलब्धता तथा गुणस्तर सुनिश्चित गरिने छ र सोको लागि आवश्यक संस्थागत व्यवस्था समेतमिलाइने छ।

२.७.३ कृषि प्रसार तथा पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन संभावित क्षेत्रहरूमा सरकारी, नीजि तथा सहकारीक्षेत्रबिचको साझेदारी मार्फत गुणस्तरीय प्राविधिक सेवा विस्तार गरिने छ।

२.७.४ कृषि तथा पशुपन्छी फार्म केन्द्र, मत्स्य आनुवंशिक स्रोत केन्द्रहरूको सुदृढीकरण गरी उत्पादनशील सिकाई केन्द्रको रूपमा विकास गरिने छ।

२.७.५ उपलब्ध जल-श्रोतहरूको दिगो उपयोग गरी भरपर्दो सिँचाई प्रणालीहरूको विकास, विस्तार र व्यवस्थापन मार्फत जल उपयोग दक्षता अभिवृद्धि गरिने छ।

२.७.६ सिँचाइ तथा जल निकासका पूर्वाधारमा वातावरणमैत्री शून्य शक्ति तथा नविकरणीय ऊर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ।

२.७.७ साना र सीमान्त कृषकको समेत वित्तीय पहुँच हुने गरी कर्जा प्रवाहको प्रक्रिया सरलीकृत गरिने छ।

**रणनीति २.६.२ सँग सम्बन्धित (समावेशी कृषि यान्त्रीकरण प्रवर्धन गर्ने।)**

२.७.८ देशका पहाडी भूगोल, साना तथा मझौला कृषक तथा महिलालाई लक्षित गरी उपयुक्त यन्त्र उपकरण तथा प्रविधिको विकास गरिने छ।

२.७.९ कृषि कार्यका लागि यन्त्र उपकरणहरूको उपलब्धता सुनिश्चितता गर्न कृषि यन्त्र तथा उपकरणहरूको स्वदेशमा नै उत्पादन तथा उपयोगमा सहुलियतसहित प्रवर्धन गरिने छ।

२.७.१० कृषि यन्त्र उपकरणहरूको गुणस्तर निर्धारण र नियमनको व्यवस्था गरिने छ।

**रणनीति २.६.३ सँग सम्बन्धित (कृषि भूमिको संरक्षण, विकास र सदुपयोग गर्ने।)**

२.७.११ राष्ट्रिय भू-उपयोग नीति, ऐन तथा नियमावलीको कार्यान्वयनमार्फत कृषि भूमिको गैरकृषि प्रयोगमा निरुत्साहित गरिने छ।

२.७.१२ कृषि भूमिमाथि बढ्दै गएको अतिक्रमण तथा कृषि भूमिको खण्डीकरण रोकी हाल कृषि चलनमा कायम रहेको खेतीयोग्य भूमिको ९० प्रतिशत (करिब २० लाख हेक्टर) जमिन खेती कार्यका लागि नै सुरक्षित रहने गरी आवश्यक नीतिगत र कानूनी प्रबन्ध मिलाइनेछ ।

२.७.१३ खाली, बाँझो, र पर्ति तथा नदी उकास वा सीमान्तकृत जग्गाको उपयोगिता बढाउन स्थानीय तहको समन्वयमा भौगोलिक सम्भावनाका आधारमा उपयुक्त बाली/वस्तु उत्पादनको सम्भाव्यता पहिचान गरी प्रबर्द्धन गरिने छ।

२.७.१४ बाँझो जग्गा परिचालनका लागि कृषक घरपरिवारलाई समेटी ग्रामीण रोजगार तथा जीविकोपार्जनका कार्यक्रममा जोड दिइने छ ।

२.७.१५ जमिनको चक्लाबन्दी प्रोत्साहन गर्ने नीतिगत तथा कानूनी व्यवस्था गरिने छ।

२.७.१६ भू-क्षयका दृष्टिले संवेदनशील क्षेत्रहरूमा निजी तथा सामुदायिक कृषि-वन प्रणाली विकास गरिने छ। सामुदायिक वन, हैसियत बिग्रेका जमिनमा फलफूल, घाँसलगायतका बालीको प्रवर्धन गरिने छ ।

२.७.१७ पारिवारिक खेतीको संरक्षण र प्रवर्धन गरिने छ।

**रणनीति २.६.४ सँग सम्बन्धित (कृषि प्रविधिको विकास, विस्तार, अनुशरण, र उपयोग प्रभावकारी बनाउने।)**

२.७.१८ कृषि प्रविधि विकास र विस्तारमा सरकारी तथा निजी लगानी र सहभागिता प्रवर्धन गरिने छ।

२.७.१९ राष्ट्रिय कृषि अनुसन्धान प्रणालीबाट विकास भएका प्रविधि नवीन सूचना प्रविधि तथा सञ्चार माध्यमको उपयोग गरी कृषकमा पहुँच विस्तार गरिने छ।

२.७.२० कृषिजन्य मूल्य शृङ्खलामा आधारित रही कृषकहरूको समस्या समाधानको लागि अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन प्रविधि विकास (technology generation), प्रविधि परीक्षण तथा प्रमाणीकरण (technology testing and verification) र प्रविधि हस्तान्तरण (technology transfer) गर्ने कार्यमा सरकारी, सहकारी र निजी क्षेत्रको स्पष्ट भूमिका किटान गरी समन्वय, सहकार्य र साझेदारीलाई बलियो, नतिजामूलक र व्यवहारिक बनाइने छ।

२.७.२१ राष्ट्रिय कृषि अनुसन्धान प्रणालीको पुनर्संरचना गरी संभाव्यताका आधारमा भौगोलिक क्षेत्र र प्रदेशस्तरमा विषयगत अनुसन्धान केन्द्रहरू क्रमशः स्थापना गरिने छ र अनुसन्धान केन्द्रहरूको भूमिका र जिम्मेवारी समयसापेक्ष परिमार्जन गरिने छ।

२.७.२२ मुलुकको भौगोलिक विशिष्टता, राष्ट्रिय आवश्यकता, स्थानीय सम्भाव्यता र कृषकहरूको मागमा आधारित कृषि प्रविधिहरूको विकास गर्न नेपाल कृषि अनुसन्धान परिषद् एवं मातहतका अनुसन्धान केन्द्रहरूको संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

२.७.२३ कृषि अनुसन्धानमा कार्यरत वैज्ञानिक तथा प्राविधिकहरूको समयसापेक्ष ज्ञान, सिप र क्षमता अभिवृद्धिका लागि कृषि अनुसन्धान तथा विकास सम्बद्ध अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यमा प्रविधि तथा विशेषज्ञता आदान-प्रदान प्रोत्साहित गरिने छ।

२.७.२४ निजी तथा गैरसरकारी क्षेत्रबाट हुने कृषि अनुसन्धान तथा विकासमा प्रोत्साहनको व्यवस्था गरी निजी तथा वैदेशिक लगानी आकृष्ट गरिने छ।

२.७.२५ कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसारबिचको अन्तरसम्बन्धलाई सुदृढ र प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरिने छ। विश्वबिद्यालयहरूलाइ कृषि अनुसन्धानमा लगानी बढाउन प्रेरित गरिने छ।

२.७.२६ मुलुकभित्र नवप्रवर्तन, प्रवर्धन र आधुनिक प्रविधि भित्र्याउन विशेष व्यवस्था गरिने छ र यस्ता प्रविधिहरूको परीक्षण र प्रमाणीकरण गरी कृषकसमक्ष सहजरूपमा पुर्याउने व्यवस्था गरिने छ।

**रणनीति २.६.५ सँग सम्बन्धित (कृषकको हित प्रवर्धन र कृषि क्षेत्रको संरक्षण गर्ने।)**

२.७.२७ कृषकको न्यूनतम बचत सुनिश्चित हुने र सबै कृषकको पहुँचमा पुग्ने गरी कृषक कल्याण तथा कृषि विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ।

२.७.२८ आधारभूत कृषि उत्पादन एवं रणनीतिक बाली वस्तुको न्यूनतम समर्थन मूल्य निर्धारण गरी बजारको सुनिश्चितता गरिने छ ।

२.७.२९ सीमान्त तथा साना कृषक एवं लघु कृषि उद्यमीहरूको व्यवसायलाई नै धितो मानी सुलभ कर्जाको व्यवस्था गरिने छ। साना र मझौला कृषि उत्पादन र

व्यवसायलाई कर्जा सुविधा विस्तारका लागि उपयुक्त बैंकिङ प्रणालीको व्यवस्था गरिने छ ।

२.७.३० विपन्न, सीमान्त र साना कृषक केन्द्रित, आयआर्जन अभिवृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने र आधारभूत खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने मूल्य शृङ्खला विकासलाई प्राथमिकता दिइनेछ।

२.७.३१ कृषि, पशुपन्छी तथा मत्स्य बिमाको दायरा बढाउँदै सबै कृषकहरूको पहुँचमा पुर्याउने व्यवस्था गरिने छ।

**रणनीति २.६.६ सँग सम्बन्धित (खाद्य स्वच्छता, खाद्य र पोषण सुरक्षा सम्बन्धी विद्यमान नीति नियमहरूको प्रभावकारी कार्यान्वयन गर्ने।)**

२.७.३२ कृषि क्षेत्रमा प्रयोग हुने विभिन्न उत्पादन साधनका साथै उत्पादित कृषि वस्तुहरूको गुणस्तर नियमनका लागि सङ्घ, प्रदेश र स्थानीयस्तरमा विशिष्टिकृत कृषि, पशुपन्छी तथा मत्स्य प्रयोगशालाहरूको स्थापना तथा सुदृढीकरण गरिने छ।

२.७.३३ खाद्य तथा पोषण सुरक्षामा सुधारका लागि खाद्य पदार्थमा पौष्टिक तत्व स्तरोन्नति (Food Fortification) को अनुसन्धान तथा प्रवर्धनका लागि सरकारी तथा निजी क्षेत्रलाई सहजीकरण गरिने छ।

२.७.३४ खाद्यवस्तुको गुणस्तर प्रमाणीकरण र नियमनका व्यवस्थाहरूको कार्यान्वयन प्रभावकारी बनाइनेछ।

**रणनीति २.६.७ सँग सम्बन्धित (विविधतायुक्त स्थानीय खाद्यवस्तु उत्पादन र बजारीकरण प्रवर्धन गर्ने।)**

२.७.३५ विविधतायुक्त स्थानीय उत्पादनको उपभोग बढाउन जनचेतना अभिवृद्धि, गुणस्तर प्रमाणीकरणको व्यवस्था गरी त्यस्ता कृषि वस्तुहरूको आयातलाई निरुत्साहन गरिने छ।

२.७.३६ स्थानीय तथा रैथाने बाली वस्तुको उत्पादन तथा बजार प्रवर्धन गर्न खाद्य तथा पोषण सुरक्षा प्रवर्धनका विशेष कार्यक्रमहरू लागु गरिने छ।

२.७.३७ स्थानीय सम्भाव्यताको आधारमा कृषि वस्तु उत्पादन, प्रशोधन र बजारीकरणका लागि स्थानीय तहहरूलाई सक्षम बनाउने गरी क्षमता विकास गरिने छ।

**रणनीति २.६.८ सँग सम्बन्धित (खाद्य र पोषण असुरक्षाको अवस्थाको प्रभावकारी सम्बोधन गर्ने)**

२.७.३८ विभिन्न प्राकृतिक प्रकोप, महामारी, लगायतका मानव सिर्जित अन्य समस्याहरूका कारण जनताको खाद्य तथा पोषण सुरक्षामा आँच पुग्ने अवस्थामा सबै तहमा आकस्मिक सेवा प्रदान गर्ने संयन्त्रको विकास गरिने छ।

२.७.३९ प्रत्येक स्थानीय तहहरूमा खाद्य भण्डार गृह निर्माण गरी निश्चित परिमाणमा खाद्य सञ्चयको व्यवस्था मिलाइने छ। खाद्यान्न आपूर्तिको सुनिश्चितताको लागि ढुवानी, सञ्चय र वितरणमा स्थानीय तहको सहभागिता तथा अगुवाइमा खाद्यान्न परिचालन सञ्जालको विकास गरिने छ।

२.७.४० खाद्यान्न उत्पादन कम हुने क्षेत्रहरूमा आय वृद्धिका वैकल्पिक क्षेत्र पहिचान गरी आय विविधीकरणका लागि प्रविधिहरूको विकास र विस्तार गरिने छ।

२.७.४१ तीन तहका सरकारको समन्वयमा प्रत्येक प्रदेशमा खाद्यान्न जगेडा भण्डारको (buffer stock) व्यवस्था गरिने छ। आपत्कालीन अवस्थामा प्रदेश तथा स्थानीय तहबाट आपसी समन्वयमा जगेडा खाद्यवस्तुहरू मागको आधारमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

२.७.४२ खाद्य असुरक्षासम्बन्धी तथ्याङ्क संकलन र विश्लेषण गर्न एवं तत्काल प्रतिकार्यको लागि प्रविधि र सूचना प्रणालीको उपयोग गरिने छ।

२.७.४३ खाद्य सम्प्रभुता र खाद्य अधिकारसम्बन्धी नीतिगत र कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गरिने छ।

**रणनीति २.६.९ सँग सम्बन्धित (निर्यातको सम्भाव्यता बोकेका बालीवस्तुको पहिचान र व्यवसायीकरण गर्ने।)**

२.७.४४ देशका विभिन्न भौगोलिक एवं पर्यावरणीय क्षेत्रमा तुलनात्मक लाभ दिन सक्ने निर्यातयोग्य बालीवस्तुहरूको पहिचान गरी उक्त बालीवस्तुहरूको प्रवर्धन गरिने छ।

२.७.४५ सम्भावित क्षेत्रसहित पहिचान गरिएका बालीवस्तुहरूको व्यवसायिक उत्पादन क्षेत्र घोषणा गरिने छ र जमिनको चक्लाबन्दी र जग्गा विकास गरी बृहत उत्पादन प्रणालीको विकास गरिने छ।

२.७.४६ निर्यातजन्य बाली वस्तुहरूको उत्पादकत्व वृद्धि, प्रतिस्पर्धी क्षमता विकास, निर्यात सहजीकरण तथा प्रोत्साहन गरिने छ।

२.७.४७ निर्यातजन्य बालीवस्तुहरूलाई आन्तरिक तथा विश्वबजारमा प्रतिस्पर्धी बनाउन अनुदान, छुट, सहुलियत मार्फत संरक्षण गरिने छ ।

२.७.४८ व्यवसायिक उत्पादनका क्षेत्रहरूलाई बजारसँग जोड्ने गरी कृषि सडक सञ्जाल र अन्य भौतिक पूर्वाधारको विस्तार गरिने छ।

२.७.४९ निजी सरकारी, सहकारी तथा गैरसरकारी क्षेत्रको सहभागितामा व्यापारिक तथा व्यवसायिक सेवा केन्द्रको स्थापना तथा विकास गरिने छ।

२.७.५० उत्पादनोपरान्त कृषिजन्य उत्पादनको मूल्य अभिवृद्धिको लागि आधुनिक प्रविधिको उपयोग र लगानी प्रवर्धनमा जोड दिइनेछ।

२.७.५१ उत्पादनका थलोहरूमा कृषि उपज प्रशोधन र मूल्य अभिवृद्धि केन्द्र (value addition centre) हरूको स्थापना गरिने छ।

२.७.५२ उत्पादन लागतको विश्लेषण गरी लागत प्रभावी उपायहरूको खोजी गरिने छ। निकासी सम्भाव्यताका अवसरहरूबारे निरन्तर रूपमा अध्ययन विश्लेषण गरी कार्यान्वयनमा ल्याइनेछ।

२.७.५३ कृषि मूल्य श्रृङ्खला आबद्ध सरोकारवालाहरूको क्षमता विकास गरिने छ।

**रणनीति २.६.१० सँग सम्बन्धित (कृषि उद्यम र बजार पूर्वाधारको विकास, सुदृढीकरण र समुचित उपयोग गर्ने।)**

२.७.५४ सार्वजनिक-निजी साझेदारीमा कृषि उद्यम स्थापना शुरुवाती सहयोग र कृषि व्यवसाय इन्कुबेशन जस्ता उपायहरू मार्फत कृषि मूल्य श्रृङ्खलाका चरण तथा क्रियाकलापमा युवाको सहभागितालाई प्रोत्साहित गर्दै कृषि क्षेत्रमा उद्यम तथा रोजगारीका अवसर प्रदान गरिने छ।

२.७.५५ कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण, कृषि व्यवसाय र व्यापार प्रवर्धन, कृषि बजार व्यवस्थापन र नियमनका लागि छुट्टै संस्थागत संरचना निर्माण गरिने छ।

२.७.५६ प्रदेश र स्थानीय तहमा कस्टम हायरिंङ सेण्टर (Custom Hiring Center) मार्फत कृषि यान्त्रीकरण सेवा विस्तार गर्नुका साथै कृषि यन्त्रको पार्टपुर्जा (Spare parts) को उपलब्धता र मर्मत सम्भार सेवामा जोड दिइनेछ।

२.७.५७ कृषक, व्यापारी, कृषि उद्यमी एवं सम्बधित सरोकारवालाबिच हुने करारलाई व्यवस्थित तथा वैज्ञानिक बनाउन संस्थागत संयन्त्रको सवलिकरण गरिने छ।

२.७.५८ पशु कल्याण तथा पशु पहिचानका लागि ट्रेसिविलिटि (traceability) सुनिश्चित गर्ने कानूनी तथा संरचनागत व्यवस्था गरिने छ।

२.७.५९ संभाव्यताका आधारमा स्थानीय कृषि व्यवसायलाई कृषि पर्यटनसँग आबद्ध गरिनुका साथै पर्यटकीय क्षेत्रमा स्थानीय कृषि उत्पादनको उपयोगलाइ प्रवर्धन गरिने छ।

**रणनीति २.६.११ सँग सम्बन्धित (बृहत कृषि उत्पादन क्षेत्र विकास र विस्तार गर्ने।)**

२.७.६० सडक सञ्जाल आसपास र रणनीतिक स्थानमा बृहत् कृषि उत्पादनका क्षेत्रहरू र कृषि ब्यवसाय क्षेत्रहरूको (Corridors) विकास एवं विस्तार गरिने छ। मध्य पहाडी राजमार्गलाई हरित आर्थिक मार्गमा रूपमा पहिचान गरी तरकारी, फलफूल, नगदे बाली र पशुपन्छीपालनको र हुलाकी राजमार्ग र पूर्व-पश्चिम राजमार्ग आसपासका क्षेत्रहरूलाइ व्यवसायिक कृषि उत्पादन, कृषि बजार र कृषिजन्य उद्योगहरूको विशेष क्षेत्रको रूपमा विकास गरिने छ।

२.७.६१ बृहत् कृषि उत्पादन क्षेत्रमा लगानी गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गरिने छ।

२.७.६२ तीनै तहका सरकारको सहकार्यमा एकीकृत भूमि व्यवस्थापन प्रणालीको विकास गरिने छ ।

२.७.६३ कृषि भूमि करारलाई प्रवर्धन, व्यवस्थापन तथा सहजीकरण गर्न सम्भावनाअनुसार स्थानीय तहमा भूमि करार सूचना केन्द्र स्थापना गरिने छ।

२.७.६४ व्यवसायिक कृषिको लागि सामूहिक, करार वा सहकारी खेती प्रवर्धन गरिने छ।

२.७.६५ सरकारी, निजी, सहकारी र समुदायको संलग्नता रहने गरी समयसापेक्ष लागत प्रभावी कृषि तथा पशु सेवा प्रसारका सहभागितामूलक कृषि प्रसार पद्धतिलाई सुदृढ गरिने छ।

**रणनीति २.६.१२ सँग सम्बन्धित (कृषि बजार सुदृढ गर्दै कृषि उपजको प्रभावकारी मूल्य व्यवस्थापन गर्ने।)**

२.७.६६ स्वदेशी कृषि उत्पादनको माग वृद्धि गर्न नेपाली उपभोक्ताहरूलाई स्वस्थ र पोषणयुक्त स्वदेशी कृषि उत्पादन उपभोग गर्न प्रोत्साहन गरिने छ ।

२.७.६७ बृहत् कृषि उत्पादन क्षेत्र र रणनीतिक स्थानहरूमा सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा मूल्य श्रृङ्खलाहरूको विकास केन्द्रित बजार पूर्वाधारहरूको विकास गरिने छ। बजार मूल्य सूचना प्रणालीलाई व्यवस्थित बनाई उत्पादक र उपभोक्तामा पुर्याउने व्यवस्था मिलाइने छ।

२.७.६८ उत्पादनथलो नजिक सङ्कलन केन्द्रका साथै चिस्यान केन्द्र, ग्रेडिङ, प्याकेजिङ र लेवलिङ गर्ने पूर्वाधार तथा सुविधा विस्तार गरिने छ।

२.७.६९ निजी तथा सहकारी क्षेत्रको आर्थिक तथा व्यवस्थापकीय सहकार्यमा शहरी क्षेत्रमा संगठित थोक तथा खुद्रा बजार तथा शित भण्डारहरू निर्माण गरिने छ।

२.७.७० कृषि वस्तुहरूको विद्युतीय (डिजिटल) बजार प्रवर्धन तथा नियमनका लागि आवश्यक संस्थागत तथा संरचनागत व्यवस्था गरिने छ।

२.७.७१ स्थानीय तथा दुर दराजका बजारका अवसर र जोखिम पत्ता लगाई त्यसै अनुरूप उत्पादन प्रणाली निर्देशित गर्न मार्केट इन्टेलिजेन्स प्रणाली विकास गरिने छ।

२.७.७२ बजार दक्षता (Market Efficiency) अभिवृद्धि गरी कृषकको उत्पादनको उचित मूल्य सुनिश्चत गर्न तथा उपभोक्तालाई सुलभ मूल्यमा कृषि उपज आपूर्ति गराउन आवश्यक कानून निर्माण गरी नियमन गरिने छ।

२.७.७३ सरकारी निजी सहकार्यमा कृषि सामग्री उत्पादन र कृषि उपज प्रशोधन उद्योग स्थापना गर्न समन्वय र सहजीकरण गरिने छ।

२.७.७४ कृषि उपजहरूको ढुवानी सेवामा प्रयोग हुने साधनहरूलाई अत्यावश्यक सेवाको रूपमा लिई निर्बाध रूपमा सञ्चालन गर्न पाउने व्यवस्था मिलाइनेछ।

२.७.७५ मौजुदा कृषि बजारहरूको अवस्था विश्लेषण गरी कम राष्ट्रिय महत्त्वका कृषि बजारहरू क्रमशः प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिने छ ।

**रणनीति २.६.१३ सँग सम्बन्धित (कृषि उपजको उत्पादनोपरान्तको व्यवस्थापन सुदृढीकरण गर्ने।)**

२.७.७६ कृषि उपजको उत्पादनोपरान्त हुने क्षति कम गर्न प्रविधि विकास तथा प्रसारका कार्यक्रमहरू सञ्चालन गरिने छ।

२.७.७७ कृषिजन्य वस्तुहरूको प्रशोधनसम्बन्धी प्रविधिको खोज, विकास र अनुसरणलाई प्रभावकारी बनाइनेछ।

२.७.७८ छिटो सड्ने (perishable goods) कृषि उपजको निर्बाध रूपमा ढुवानीका लागि वातानुकुलित कन्टेनर, चिलिङ तथा फ्रोजेन भ्यानको प्रयोग बढाउनका लागि सहुलियत प्रदान गरिने छ।

२.७.७९ सम्भाव्य स्थानहरूमा शीत भण्डारहरूको स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाइ प्रोत्साहन गरिने छ।

**रणनीति २.६.१४ सँग सम्बन्धित (कृषिमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्ने वातावरण सिर्जना गर्ने।)**

२.७.८० निजी क्षेत्र तथा सहकारीलाई कृषिमा आकर्षित गर्न कृषि कर्जा तथा बिमा सेवाको सहज उपलब्धता सुनिश्चित गरिने छ।

२.७.८१ कृषि क्षेत्रमा लगानी तथा व्यवसायीकरण प्रवर्धनका लागि निश्चित अवधिसम्म व्यावसायिक कृषि क्षेत्र सहयोगी कर तथा अनुदान नीति तर्जुमा गरी लागु गरिने छ।

२.७.८२ बृहत् व्यावसायिक उत्पादनका क्षेत्रहरूमा सिँचाइ, सडक, बिद्युतलगायतका पूर्वाधार विकासका लागि जोड दिइनेछ।

२.७.८३ कृषि अनुसन्धान, प्रविधि विकास, प्रयोगशाला सेवा, कृषि उत्पादन सामग्री उत्पादन, कृषि स्रोत केन्द्र स्थापना र निर्यातमूलक कृषि व्यवसायमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरिने छ।

**रणनीति २.६.१५ सँग सम्बन्धित (स्वदेशी कच्चा पदार्थमा आधारित कृषिजन्य उद्योगहरू प्रवर्धन गर्ने।)**

२.७.८४ सहकारी संस्था, कृषिजन्य उद्योगहरू र कृषि फर्महरू मार्फत उत्पादक कृषकहरूसँग साझेदारी वा करार गरी प्रविधि हस्तान्तरण मार्फत स्वदेशी कच्चा पदार्थमा आधारित कृषिजन्य उद्योगहरू स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ।

२.७.८५ प्राथमिक कृषि उत्पादनलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योगहरूलाई प्राथमिकता प्राप्त उद्योगको रूपमा मान्यता दिई सोहि अनुरुपका सुविधा प्रदान गरिने छ।

२.७.८६ प्रशोधित कृषि वस्तु निकासी सम्भाव्यताका अवसरहरूबारे निरन्तर रूपमा अध्ययन विश्लेषण गरी सोको नतिजाको आधारमा उपयुक्त कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ।

**रणनीति २.६.१६ सँग सम्बन्धित (निर्यात पूर्वाधारहरूको विकास, विस्तार र सुदृढीकरण गर्ने।)**

२.७.८७ निर्यात प्रवर्धनका लागि बजार पहिचान गरी निर्यात बजार र ती देशहरूको निर्यात मापदण्ड पूरा गर्न स्यानटरी तथा फाईटोस्यानिटरी सम्झौताअनुसार खाद्य, पशु र प्लाण्ट क्वारेन्टाइन सेवालाई सुदृढीकरण गरिने छ।

२.७.८८ खाद्य स्वच्छता नियमनका लागि संस्थागत विकास एवं क्षमता अभिवृद्धि गरिने छ। कृषि वस्तुको प्रशोधन र प्याकेजिङ, गुणस्तर प्रमाणीकरण र ट्रेसिविलिटी (traceability) सुनिश्चित गरिने छ।

२.७.८९ खाद्य पदार्थ सञ्चय गर्ने गोदामलगायतका पूर्वाधार निर्माणका लागि कृषि सहकारी तथा निजी क्षेत्रलाई सहयोग तथा सहजीकरण गरिने छ।

२.७.९० विदेशमा रहेका नेपाली नियोगहरूको सहकार्य तथा समन्वयमा नेपालको पहिचान दिने कृषि उपजहरूको प्रवर्धन गर्न मेला, प्रदर्शनी जस्ता कार्यक्रमहरूमा निजी क्षेत्रको सहभागिता बढाइने छ।

२.७.९१ कृषिजन्य उत्पादनमा स्वच्छता तथा गुणस्तरको विश्वसनीयता कायम गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्धन कार्यलाई प्रभावकारी सहजीकरण गरिने छ।

२.७.९२ सम्भाव्यताका आधारमा कृषिजन्य बाली तथा वस्तुलाई भौगोलिक सङ्केतीकरण (Geographic indication) र बौद्धिक सम्पत्तिको अधिकारको माध्यमबाट संरक्षण र व्यापार प्रवर्धन गरिने छ।

**रणनीति २.६.१७ सँग सम्बन्धित (कृषि आनुवंशिक स्रोत एवं तिनमा आधारित परम्परागत ज्ञान सिप र आविष्कारको पहिचान, संरक्षण र सम्मान गर्ने।)**

२.७.९३ स्थानीय स्तरमा उपलब्ध रैथाने बिउ, जात र नश्लका साथै लोपोन्मुख बाली तथा पशुपन्छीहरूको अभिलेखीकरण र पञ्जीकरण गरिने छ। स्वस्थानीय (in-situ) र परस्थानीय (ex-situ) संरक्षण कार्यलाई प्रभावकारी बनाउन सहभागितात्मक जैविक विविधता संरक्षण क्षेत्र (Field Gene Bank, Biodiversity Park) स्थापना गरिने छ।

२.७.९४ कृषि जैविक विविधतामा प्रतिकूल असर पुर्याउने रोग किरा, बासस्थान विनाश, प्राकृतिक स्रोतको अत्यधिक दोहन, मिचाहा प्रजातिलगायतका प्रतिजैविक, अजैविक र जैविक चुनौतीहरूको जोखिम विश्लेषण गरी व्यवस्थापन र नियमनको आवश्यक व्यवस्था गरिने छ।

२.७.९५ कृषकहरूले अपनाएका परम्परागत ज्ञान, सिप र आविष्कारलाई बौद्धिक सम्पत्तिको रूपमा दर्ता गर्ने व्यवस्था गरिने छ। यसका लागि आवश्यक नीतिगत तथा कानूनी सुधार गरिने छ।

२.७.९६ कृषि जैविक विविधता स्रोत संरक्षण र सदुपयोगबिच सन्तुलन कायम गरी स्थानीय नागरिकको पहिलो अधिकारलाई सुनिश्चित गरिने छ र जीविकोपार्जनमा टेवा पुऱ्याइनेछ।

**रणनीति २.६.१८ सँग सम्बन्धित (कृषि जैविक विविधताको दिगो उपयोग गर्ने।)**

२.७.९७ कृषि जैविक विविधता स्रोत संरक्षण प्रविधिको अनुसन्धान, विकास र अनुसरणलाई प्राथमिकता दिइनेछ।

२.७.९८ रैथाने पशुपन्छी एवं बाली/वस्तुको मौलिकताको अधिकार (Patent Right) पञ्जीकरण गरी अनुसन्धान र प्रसारको माध्यमबाट दिगो उपयोग गरिने छ।

२.७.९९ स्वस्थ र सांस्कृतिक रूपमा उपयुक्त रैथाने, खाद्य वस्तुहरूमा उपभोक्ताहरूको जागरूकता विकास गरी स्वस्थ र पौष्टिक आहारको पहुँच र उपलब्धतामा सुधार गरिने छ। बाली वस्तुको पौष्टिक तथा वातावरणीय महत्त्वबारे अनुसन्धान र प्रचारप्रसार गरिने छ।

२.७.१०० उच्च पहाडी तथा हिमाली भेगको विशिष्टिकृत पारिस्थितिकीय प्रणालीमा पालिने नेपालका मौलिक पहिचान भएका याक, चौंरी, भेडा, च्याङ्ग्रालगायतका स्थानीय पशुपन्छी संरक्षण गरिने छ। यी पशुपन्छीपालनलाई उद्यमशीलताको रूपमा विकास गरी हिमाली भेगका जनताको जिविकोपार्जनमा सुधार गरिने छ।

**रणनीति २.६.१९ सँग सम्बन्धित (पर्यावरणीय कृषि प्रणाली प्रवर्धनको गर्ने।)**

२.७.१०१ पर्यावरणीय कृषि प्रणाली प्रवर्धनको राष्ट्रिय मार्गचित्र तयार पारी क्रमशः कार्यान्वयनमा लगिने छ।

२.७.१०२ कृषि पारिस्थितिकीय प्रणालीको अवस्थाका आधारमा विभिन्न क्षेत्रहरूको वर्गीकरण (zoning) गरिने छ।

२.७.१०३ उत्पादकत्व वृद्धि र जीविकोपार्जनमा सुधारको लागि कृषि पारिस्थितिकिय प्रणालीको क्षयीकरण हुनबाट संरक्षण गर्ने, बिग्रेका कृषि पारिस्थितिकीय प्रणालीको सुधार र पुनर्स्थापना गर्ने तथा पर्यावरणमैत्री उत्पादन सामग्रीहरू र प्रविधिहरूको पहुँच र उपलब्धतामा वृद्धि गरिने छ।

२.७.१०४ पर्यावरणीय कृषि उपजको मूल्य श्रृङ्खला सुदृढीकरण गरी न्यायोचित व्यापारलाई प्रवर्धन गरिने छ ।

२.७.१०५ सीमान्तिकृत, सुख्खा तथा न्यून उर्वराशील जमिनमा राम्रो उत्पादन दिन सक्ने अन्नबाली जस्तै कोदो, फापर, बाजरा, कागुनो, चिनो आदिको उत्पादन प्रवर्धन गरिने छ।

२.७.१०६ बिरुवा, पशुपन्छी तथा मत्स्यपालनमा प्रयोग हुने रसायनहरू जस्तै रासायनिक मल, विषादी, एन्टिबायोटिकलगायतका औषधी र हर्मोनको प्रयोगलाई नियमन र व्यवस्थित गरी मानव स्वास्थ्य, पशुपन्छी, माटो, जलश्रोतलगायत वातावरणमा नकारात्मक असर नपार्ने गरी क्रमशः घटाउँदै लगिने छ।

२.७.१०७ जैविक मल, जैविक विषादी र प्राङ्गारिक मलको उत्पादन गर्ने उद्यमी तथा व्यवसायीलाई प्रोत्साहन गरिने छ र यी वस्तुहरूको मापदण्ड तर्जुमा गरी नियमन गरिने छ।

२.७.१०८ जैविक तथा कुहिने औद्योगिक तथा शहरी फोहोरलाई प्राङ्गारिक मल उत्पादन गर्ने कार्यमा प्रोत्साहन गरिने छ।

२.७.१०९ प्राङ्गारिक खेती प्रवर्धनका लागि उपयुक्त क्षेत्र र बाली पहिचान गरी आवश्यक गुणस्तरीय उत्पादन सामग्रीको आपूर्ति गरिने छ। प्राङ्गारिक उत्पादनको प्रमाणीकरणको व्यवस्था मिलाई आन्तरिक खपत तथा निर्यात प्रवर्धन गरिने छ। प्राङ्गारिक उत्पादनको प्रशोधन र मूल्यवर्धनमा प्रोत्साहनका लागि आवश्यक नीति तथा कानूनी सुधार गरिने छ।

२.७.११० कृषि उत्पादनका क्रममा पैदा हुने जैविक अवशेषहरू जलाउने कार्यलाई निरुत्साहित गरिने छ।

**रणनीति २.६.२० सँग सम्बन्धित (माटोको स्वास्थ्य सुधार गर्ने, भूक्षय नियन्त्रण गर्ने।)**

२.७.१११ माटोको उर्वराशक्ति परीक्षणलाई सर्वसुलभ बनाई परीक्षण नतिजाको आधारमा माटोको स्वास्थ्य कार्ड उपलब्ध गराइनेछ। उर्वराशक्ति सुधारका लागि आवश्यक सामग्री र प्रविधिको पहुँच विस्तार गरिने छ। विद्यमान डिजिटल स्वायल म्यापिङ पद्धतिलाई थप सुदृढीकरण गरिने छ।

२.७.११२ रासायनिक मलको उपयोग गरिने क्षेत्र तथा बालीमा आवश्यकताको विश्लेषण गरी माटोको स्वास्थ्य कार्डको आधारमा रासायनिक मलको सिफारिस गर्ने व्यवस्था मिलाइनेछ।

२.७.११३ खेतबारीमा हुने भूक्षय नियन्त्रण, माटोको उर्वराशक्ति सुधार तथा स्रोत संरक्षण गर्ने कृषि प्रणालीको विस्तार गरी माटोमा प्राङ्गारिक पदार्थको मात्रामा सुधार गरिने छ।

२.७.११४ जैविक तथा प्राङ्गारिक मल र जैविक विषादी प्रयोग गर्न कृषकहरूलाई प्रोत्साहित गरिने छ। हरियो मलको अधिकतम प्रयोग र उचित बालीचक्रसहितको खेती प्रणाली अवलम्बन गर्न उत्प्रेरित गरिने छ ।

२.७.११५ माटोको बिग्रँदो अवस्था र पर्यावरणसमेतलाई दृष्टिगत गरी एकीकृत बाली पोषण व्यवस्थापनमा जोड दिइनेछ। रासायनिक मलमाथिको निर्भरता कम गर्दै प्राङ्गारिक एवं जैविक मलको प्रयोग बढाउँदै लगिने छ।

**रणनीति २.६.२१ सँग सम्बन्धित (जलवायु परिवर्तन उत्थानशील प्रविधि विकास र विस्तार गर्ने।)**

२.७.११६ जलवायु अनुकूलन एवं असर न्यूनीकरण गर्ने प्रविधिको पहिचान, विकास, प्रवर्धन र विस्तार गरिने छ।

२.७.११७ जलवायुजन्य विपद्को पूर्वसूचना दिने प्रणालीको विकासमा जोड दिइने छ र कृषि मौसम सूचनाहरू सबै कृषकको पहुँचमा पुग्ने व्यवस्था मिलाइनेछ।

२.७.११८ कृषि मूल्य शृङ्खलामा नवीकरणीय ऊर्जा, न्यून कार्बन उत्सर्जन तथा पानी किफायती प्रविधिहरू प्रवर्धन गरिने छ।

२.७.११९ मिश्रित खेती प्रणाली, एकीकृत कृषि प्रणाली, कृषि वन, सिल्भीपास्चर, फार्मपोण्ड, हिउँ सङ्कलन पोखरी जस्ता प्रविधिहरूको प्रसार तथा प्रवर्धन गरिने छ।

२.७.१२० जलवायुमैत्री खेती प्रणालीसँग सम्बन्धित परम्परागत ज्ञान, सिप, अभ्यास एवं नवीनतम प्रविधिको अभिलेखन, प्रवर्धन र विस्तार गरिने छ।

२.७.१२१ जलवायु परिवर्तनबाट बढी संवेदनशील तथा प्रभावित गरीब, सीमान्तकृत, भूमिहीन, सङ्कटासन्न घरधुरी/समुदाय, तथा महिलालाई लक्षित गरी क्षमता वृद्धि तथा कृषि क्षेत्रमा आधारित अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिने छ।

२.७.१२२ जलवायु परिवर्तनका कारण कृषि तथा कृषक परिवारमा हुने क्षतिको आँकलन गरी हानी-नोक्सानी दावीका लागि आधार तयार गरिने छ।

२.७.१२३ प्राकृतिक विपदबाट कृषि क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको प्रभाव र प्रवृत्ति पहिचान गर्न रणनैतिक स्थानहरूमा मौसम मापन केन्द्रहरूको विस्तार गरी यथार्थ तथ्याङ्कहरू (real time data) सङ्कलन गरिने

छ। कृषि र मौसमको अन्तरसम्बन्धको विश्लेषणका आधारमा कृषकहरूलाई पूर्व सूचना, सल्लाह र सुझावहरूको संप्रेषण गर्ने प्रणालीको विकास र विस्तार गरिने छ।

२.७.१२४ राष्ट्रिय र अन्तर्राष्ट्रिय जलवायु वित्तका स्रोतहरूबाट कृषि क्षेत्रमा जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनका लागि आवश्यक पर्ने वित्त जुटाइनेछ।

२.७.१२५ अतिवृष्टि, अनावृष्टि, रोग, किरा एवं अन्य प्राकृतिक प्रकोपहरूको आँकलन, कृषि क्षेत्रमा आईपर्ने महामारी नियन्त्रणका लागि सर्भे सर्भिलेन्स प्रणाली स्थापित गरी क्रियाशील राखिनेछ।

**रणनीति २.६.२२ सँग सम्बन्धित (नीतिगत र संरचनागत सुधार गर्ने।)**

२.७.१२६ कृषि प्रसार प्रणाली मार्फत प्रभावकारी सेवा प्रवाह र सुशासनका लागि आवश्यकता अनुसार ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२.७.१२७ कृषि क्षेत्रका नीतिगत विषयहरूको अनुसन्धान, विश्लेषण, नीति तर्जूमा तथा नीति कार्यान्वयनको अवस्था अध्ययन गर्ने कार्यलाई प्रभावकारी बनाउन नीतिसम्बन्धी वर्तमान संस्थागत व्यवस्थाहरूको पुनर्संरचना तथा सुदृढीकरण गरिने छ।

२.७.१२८ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ अनुसारको विषयगत समितिलाई प्रभावकारी बनाइनेछ। साथै, सङ्घ, प्रदेश तथा स्थानीय तह कृषि क्षेत्र समन्वयसम्बन्धी कार्यप्रक्रिया कार्यान्वयन प्रभावकारी बनाइनेछ।

२.७.१२९ सङ्घ, प्रदेश र स्थानीय तहका कृषि सम्बद्ध निकायहरूको समयानुकूल पुनर्संरचना गरिने छ।

२.७.१३० कृषिक्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति व्यवस्थापनका लागि जनशक्ति विकास योजना तयार गरी लागु गरिने छ।

**रणनीति २.६.२३ सँग सम्बन्धित (कृषि अनुसन्धान शिक्षा र प्रसारबिचको सम्बन्धलाई प्रभावकारी बनाउने।)**

२.७.१३१ कृषि सम्बद्ध विश्वविद्यालय, अनुसन्धान गर्ने निकाय र कृषि प्रसारका निकायबिच समन्वयात्मक कार्यप्रणाली सञ्चालन गर्ने संयन्त्र विकास गरिने छ।

२.७.१३२ विभिन्न विश्वविद्यालय अन्तर्गतका बाली, पशुपन्छी र मत्स्य शिक्षासम्बन्धी अध्ययन संस्थानहरूलाई प्रादेशिक स्तरमा विस्तार गर्न प्रेरित एवं समन्वय गरिने छ।

२.७.१३३ कृषि शिक्षाको गुणस्तर व्यवस्थापन र नियमन गर्न कृषि परिषद् (Agriculture Council) गठन गरिने छ ।

२.७.१३४ सङ्घ, प्रदेश र स्थानीय तहमा गठित कृषिसम्बन्धी समन्वय समितिहरूको नियमित बैठक, अन्तरक्रिया र संवादको माध्यमबाट क्रियाशील तुल्याइने छ।

२.७.१३५ तीनै तहका सरकारी निकाय, कृषि अनुसन्धान केन्द्रहरू र विश्वविद्यालयसमेतको संलग्नतामा संयुक्त अनुसन्धान र प्रविधि प्रसार परियोजनाहरू सञ्चालन गरिने छ।

**रणनीति २.६.२४ सँग सम्बन्धित (कृषि तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा उपयोगमा समन्वय र सहकार्य गर्ने।)**

२.७.१३६ कृषि तथ्याङ्कको सङ्कलन, विश्लेषण तथा संप्रेषणका लागि तीनै तहका सरकारमा कृषि तथ्याङ्क इकाइको व्यवस्था गरिने छ।

२.७.१३७ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँगको समन्वयमा सूचना प्रविधिको प्रयोग गरी तीनै तहबाट कृषि तथ्याङ्कहरू प्रविष्ट गर्न सक्ने र प्रविष्ट भएको तथ्याङ्क उपयोग र व्यवस्थापन गर्न सक्ने गरी आवश्यक प्रबन्ध मिलाइनेछ।

२.७.१३८ कृषि तथ्याङ्क मानकहरू निर्धारण गरी कृषि तथ्याङ्कको सङ्कलन, विश्लेषण र संप्रेषणलाई विश्वसनीय बनाइनेछ।

**रणनीति २.६.२५ सँग सम्बन्धित (कृषि क्षेत्रको सेवा प्रवाहमा सुशासनका आधारभूत पक्षहरूलाई अवलम्बन गर्ने।)**

२.७.१३९ अनुदान प्रणालीलाई समयसापेक्ष परिमार्जन गरी कृषि अनुदान वितरणमा विद्युतीय प्रणाली, भौचर प्रणाली तथा कोटा प्रणालीको अवलम्बन गरी अनुदान वितरण प्रक्रियालाई सबैको पहुँचमा पुग्ने गरी सरल, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ।

२.७.१४० कृषक परिचयपत्रका आधारमा साना, सीमान्त किसानलाई अनुदान, सहुलियत र विशेष सुविधा प्रदान गरी संरक्षण गरिने छ। साथै, व्यवसायिक कृषिमा संलग्न मझौला तथा ठूला कृषकलाई सहुलियतपूर्ण कर्जा, कृषि बिमा, कर तथा भन्सार छुट, निर्यात अनुदान जस्ता वित्तीय औजारहरूमा सहज पहुँच हुने आवश्यक व्यवस्था मिलाइनेछ।

२.७.१४१ सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने कृषि अनुदान वितरणमा दोहोरोपना नहुने गरी कृषि अनुदानसम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा गरी लागु गरिने छ।

२.७.१४२ आधारभूत कृषि उत्पादन का सामग्रीहरू जस्तैः मल, बिउ, वेर्ना, नश्ल, भुरा, भ्याक्सिन आदिको सहज वितरणका लागि उत्पादन सामग्रीमा आधारित (Input based) अनुदान प्रणालीको अवलम्बन गरिने छ भने अन्य क्षेत्रमा उत्पादनमा आधारित (Output based) अनुदान प्रणालीको अवलम्बन गरिने छ।

२.७.१४३ अनुगमन मूल्याङ्कनको सूचकसहितको नतिजा खाकाअनुसार नियमित कृषि कार्यक्रमको अनुगमन मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको कार्यान्वयन गरिने छ।

२.७.१४४ कृषि क्षेत्रमा काम गर्ने विभिन्न तहका सरकारी, गैरसरकारी, निजी, र सहकारी सङ्घ संस्थाहरूको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन उपयुक्त हुने गरी आचारसंहिता बनाई लागु गरिने छ।

२.७.१४५ सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षणलगायतका पद्धतिहरू अपनाइ प्रदान गरिएको सेवा र कार्यको अनुगमन गरिने छ।

२.७.१४६ कृषि सेवा प्रवाहलाई पारदर्शी तथा जनउत्तरदायी बनाउन सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सूचना प्रणाली र अनलाइन सेवाको विकास तथा विस्तार गरिने छ।

२.७.१४७ उत्पादन तथा वितरण कार्यमा सेवाग्राहीको सहभागिता सुनिश्चित गरिने छ। सेवा प्रवाहमा पुरस्कार तथा दण्ड सजायको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

२.७.१४८ सबै सरोकारवालाहरूको लागि आवश्यक व्यावसायिक सूचनाको पहिचान गरी कृषि सूचना प्रणालीको विकास तथा व्यवस्थापन मार्फत सूचनाको पहुँच वृद्धि गरिने छ।

**रणनीति २.६.२६ सँग सम्बन्धित (किसानको कल्याण सहित कृषिलाई सम्मानित पेशाको रूपमा स्थापित गर्ने।)**

२.७.१४९ कृषकहरूको पहिचान एवं वर्गीकरण गरी स्थानीय तहमा पञ्जीकरणको व्यवस्था गरिने छ र सोही आधारमा कृषक परिचयपत्र प्रदान गरिने छ।

२.७.१५० कृषक परिचयपत्रका आधारमा विभिन्न कल्याणकारी योजना र सहुलियतका व्यवस्था गरी सेवा सुविधा सुनिश्चित गरिने छ।

२.७.१५१ कृषकलाई तालिम, प्रविधी अवलोकन भ्रमण र पुरस्कार प्रदान गरी प्रोत्साहन र क्षमता विकासका अवसरहरू प्रदान गरिने छ।

# परिच्छेद ३: नीति कार्यान्वयन

## ३.१ संस्थागत व्यवस्था

राष्ट्रिय कृषि नीति तथा सोबमोजिमका रणनीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी, सहकारी, निजी, गैरसरकारी एवं नागरिक समाजसँग सम्बद्ध सङ्घ संस्था तथा निकायहरूबिच समन्वय र सहकार्य आवश्यक रहन्छ। नीति कार्यान्वयनका लागि नीति विश्लेषण, अनुगमन, मूल्याङ्कन तथा कार्यान्वयन तहका जनशक्तिको क्षमता विकास गर्नु अपरिहार्य छ। नीति कार्यान्वयनका लागि सरकारी, निजी तथा सहकारीबिच साझेदारीको अवधारणाअनुसार कृषि विकासको क्षेत्रमा कार्यरत निकायहरू, कृषकलगायत अन्य सरोकारवालाको सहभागिता रहने गरी सङ्घ, प्रदेश र स्थानीय तहहरूमा देहायअनुसारका संस्थागत संरचना विकास गरिने छ।

### ३.१.१ राष्ट्रिय कृषि विकास समिति

क) नीति कार्यान्वयनको लागि आवश्यक निर्देशन, सरोकारवालाबिच समन्वय र सहजीकरण गर्न, नीतिको आवधिक समिक्षालगायतका विषयमा मार्गदर्शनका लागि कृषि, वन तथा पर्यावरण मन्त्रीको अध्यक्षतामा देहायबमोजिमको राष्ट्रिय कृषि विकास समिति रहनेछ।

| | |
|---|---|
| मन्त्री, कृषि, वन तथा पर्यावरण मन्त्रालय | अध्यक्ष |
| सदस्य, प्रदेश सरकारका कृषि क्षेत्र हेर्ने मन्त्रीहरु | सदस्य |
| सदस्य, राष्ट्रिय योजना आयोग (कृषि क्षेत्र हेर्ने) | सदस्य |
| उपकुलपति, कृषि तथा वन विज्ञान विश्वविद्यालय | सदस्य |
| सचिव, कृषि, वन तथा पर्यावरण मन्त्रालय | सदस्य |
| सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |

| | |
|---|---|
| सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| सचिव, , भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| अध्यक्ष, नेपाल नगरपालिका सङ्घ, नेपाल | सदस्य |
| अध्यक्ष, गाँउपालिका राष्ट्रिय महासङ्घ नेपाल | सदस्य |
| डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक (कृषि क्षेत्र हेर्ने), | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल बिमा प्राधिकरण | सदस्य |
| अध्यक्ष, नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ | सदस्य |
| अध्यक्ष, राष्ट्रिय कृषक समूह महासङ्घ | सदस्य |
| सह-सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, कृषि, वन तथा पर्यावरण मन्त्रालय | सदस्य सचिव |

(ख) यस नीति कार्यान्वयनको सचिवालयको रूपमा कृषि, वन तथा पर्यावरण मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाअन्तर्गत नीति समन्वय शाखाले कार्य गर्नेछ।

### ३.१.२ प्रदेश कृषि विकास समिति

प्रदेशस्तरमा यस नीति कार्यान्वयनको लागि आवश्यक निर्देशन, सरोकारवालाबिच समन्वय र सहजीकरण गर्न, नीतिको आवधिक समिक्षालगायतका विषयमा मार्गदर्शनका लागि प्रत्येक प्रदेश सरकारले कृषि तथा पशुपन्छी विकास हेर्ने मन्त्रालयको मन्त्रीको अध्यक्षतामा प्रदेश कृषि विकास समिति गठन गर्नेछ। यस समितिमा प्रदेश स्तरका सरोकारवाला सरकारी, गैरसरकारी, सहकारी, नागरिक समाज, निजी क्षेत्र र सम्बन्धित सङ्घ/संस्थाहरूको सहभागिता रहनेछ।

### ३.१.३ स्थानीय कृषि विकास समिति

स्थानीयस्तरमा यस नीतिको कार्यान्वयनको समन्वयका लागि प्रत्येक स्थानीय कार्यपालिकाले स्थानीय तहका प्रमुख/अध्यक्षको अध्यक्षतामा स्थानीय कृषि विकास समिति गठन गर्नेछ। यस समितिमा नगरपालिका तथा गाउँपालिकास्तरका सरोकारवालाहरूको सहभागिता रहनेछ।

### ३.१.४ कृषि नीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिवको संयोजकत्वमा कृषि नीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति रहने छ। यस समितिमा प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास हेर्ने मन्त्रालयका सचिवहरू तथा कृषि तथा पशुपन्छी विकासमा सम्बद्ध सरकारी, निजी, सहकारी र गैरसरकारी तथा सामामाजिक क्षेत्रका प्रतिनिधिहरू सदस्य रहने छन्।

### ३.१.५ कृषि शिक्षा, अनुसन्धान र प्रसार समन्वय समिति

कृषि शिक्षा, अनुसन्धान र प्रसारका कार्यक्रमहरूबिच समन्वय स्थापित गराउन र सहकार्य र साझेदारीको माध्यमबाट नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिवको संयोजकत्वमा सम्बन्धित विभागहरू, परिषद् र विश्वविद्यालय एवं शैक्षिक संस्थाको प्रतिनिधित्व हुने गरी एक कृषि शिक्षा, अनुसन्धान र प्रसार समन्वय समिति गठन गरी कार्यान्वयनमा ल्याइने छ।

## ३.२ कानूनी व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता र औचित्यका आधारमा नेपाल सरकारले नयाँ ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरू जारी गरी नीति कार्यान्वयलाई थप प्रभावकारी बनाउन सक्ने छ। साथै, प्रदेश सरकार र स्थानीय तहले समेत राष्ट्रिय कृषि नीति, २०८३ सँग नबाझिने गरी आ-आफ्नो आवश्यकता, प्राथमिकता, क्षमता र क्षेत्राधिकारअनुसार कृषि नीति जारी गरी तत् तत् सरकारका कानूनबमोजिम वा नयाँ कानूनी प्रबन्ध गरी कार्यन्वयन गर्न सक्नेछन्।

## ३.३ वित्तीय व्यवस्था

यस नीति अनुरूप कृषि विकासका कार्यक्रमहरूको कार्यान्वयनका लागि देहायअनुसार आन्तरिक स्रोत (सरकारी, निजी, सहकारी) तथा बाह्य स्रोतको परिचालन गरिने छ।

(क) नीतिमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक बजेट व्यवस्थापन गरिने छ।

(ख) नीति कार्यान्वयनका क्रममा सरकारी, निजी र सहकारी क्षेत्र तथा सेवाग्राहीको समेत लागत साझेदारी सुनिश्चित गरी सञ्चालित कार्यक्रमको अपनत्व वृद्धि गरिने छ।

(ग) कृषिमा निजी क्षेत्रको लगानी वृद्वी हुने वातावरण तयार गरिने छ।

(घ) नीतिको कार्यान्वयका लागि राष्ट्रिय स्रोतको साथै, द्विपक्षीय, बहुपक्षीयलगायतका अन्तर्राष्ट्रिय वित्तिय स्रोतमा पहुँच पुऱ्याई वैदेशिक सहायताको अभिवृद्धि गर्नुका साथै उपलब्ध स्रोतको न्यायोचित रूपमा परिचालन गरिने छ।

## ३.४ नीति समन्वय र सामञ्जस्यता

(क) राष्ट्रिय कृषि नीति सफलतापूर्वक कार्यान्वयन गर्न मुख्य गरी निम्न क्षेत्रगत नीतिहरूसँग समन्वय आवश्यक पर्दछ र अन्य नीतिहरू पनि सम्बन्धित रहन्छन्:

१. भू-उपयोग नीति: कृषि प्रयोजनका लागि उपलब्ध जमिनको सही व्यवस्थापन, भूमिको दिगो प्रयोग, सहकारी तथा व्यावसायिक खेती प्रवर्धन गर्न भू-उपयोग नीतिसँग समन्वय गर्नुपर्छ।

२. सिँचाइ नीति: कृषि उत्पादन वृद्धि गर्नका लागि सिँचाइ सुविधा प्रभावकारी बनाउन सिँचाई नीति र कृषि नीतिबिच सामञ्जस्यता आवश्यक छ।

३. वाणिज्य नीति: कृषि उपजको बजारीकरण, मूल्य व्यवस्थापन, निर्यात प्रवर्धन र आयात व्यवस्थापनका लागि वाणिज्य नीतिसँग सामञ्जस्यता आवश्यक छ।

४. उद्योग नीति: कृषि उत्पादनमा आधारित उद्योग स्थापनाका लागि उद्योग नीतिसँग समन्वय गर्नुपर्छ।

५. जलवायु परिवर्तन नीति: दिगो कृषि प्रणाली अवलम्बन गर्न, जैविक विविधताको संरक्षण, माटोको उर्वराशक्ति जोगाउने तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न वातावरणीय नीतिसँग सहकार्य आवश्यक छ।

## (ख) नीति कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी

नीति कार्यान्वयनमा तीन तहका सरकारका मुख्य जिम्मेवारी देहायबमोजिम रहने छन्।

### १. सङ्घीय सरकारको भूमिका

१.१ कृषि नीति, कानून र मापदण्ड तयार गर्ने।

१.२ अन्तर्राष्ट्रिय व्यापार, निर्यात, अनुदान र सहयोग संयोजन गर्ने।

१.३ अनुसन्धान, प्रविधि विकास र राष्ट्रियस्तरका पूर्वाधार निर्माणमा लगानी गर्ने।

१.४ खाद्य सुरक्षा, पशुपालन, बिउ बिजन, मलखादजस्ता संवेदनशील विषयमा आवश्यक नीति तर्जुमा गर्ने।

### २. प्रदेश सरकारको भूमिका

२.१ प्रदेशस्तरमा कृषि नीति कार्यान्वयनका लागि आवश्यक ऐन, कानून तथा कार्यक्रम बनाउने।

२.२ प्रदेशका विशिष्ट कृषि उत्पादनहरू प्रवर्धन गर्ने।

२.३ क्षेत्रगत अनुसन्धान र विकास परियोजनाहरू सञ्चालन गर्ने।

२.४ कृषि बजार व्यवस्थापन, भण्डारण तथा आपूर्ति सुनिश्चित गर्ने।

### ३ स्थानीय तहको भूमिका

३.१ कृषकहरूलाई प्रत्यक्ष सेवा पुऱ्याउने, प्राविधिक सहायता दिने।

३.२ स्थानीयस्तरका कृषि उत्पादनको प्रवर्धन गर्ने।

३.३ सिँचाइ, सडक, बजार तथा भण्डारण व्यवस्थापनमा सहजीकरण गर्ने।

३.४ कृषक समूह, सहकारी र युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने।

३.५ स्थानीय भूमि उपयोग योजना बनाई कृषि क्षेत्रको दिगो विकास सुनिश्चित गर्ने।

## ३.५ जोखिम पहिचान र व्यवस्थापन

### (क) जोखिमहरू

परिवर्तित राज्य संरचनाको सन्दर्भमा यो नीतिको कार्यान्वयनमा विभिन्न अवरोधहरू आउन सक्नेछन्। सङ्घ, प्रदेश र स्थानीय तहमा राजनीतिक र प्रशासनिक प्रतिबद्धता नहुने स्थितिमा नीति कार्यान्वयनमा समस्याहरू उत्पन्न हुन सक्छ। यस नीति र यससँग सम्बन्धित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त आन्तरिक स्रोतको अतिरिक्त वैदेशिक सहयोगको आवश्यकता पर्न सक्छ। कृषि क्षेत्रका बहुपक्षीय सरोकारवाला सरकारी, सहकारी, निजी क्षेत्र र अन्य निकायहरूको सहयोग, लगानी र विभिन्न निकायहरू बिच कार्यमूलक समन्वयको अभावले नीति कार्यान्वयनमा कठिनाइ ल्याउन सक्छ। साथै, बढ्दो जलवायुजन्य प्रकोपलगायतका पर्यावरणीय जोखिम उत्पादनका साधनहरूमा देखापरेका संरचनात्मक परिवर्तन (कृषि योग्य जमिन खण्डीकरण तथा गैरकृषि प्रयोग, श्रमशक्ति पलायन) का कारण अपेक्षित प्रतिफल प्राप्तिमा जोखिम रहेको छ।

### (ख) जोखिम न्यूनीकरणका उपायहरू

सङ्घ, प्रदेश र स्थानीय तहका विभिन्न सरोकारवाला निकायहरूबिच समन्वय र सहकार्यको लागि बलियो संयन्त्रको व्यवस्था गरिने छ। यसका साथै, प्रत्येक तहमा स्पष्ट जिम्मेवारी र कार्यक्षेत्र निर्धारण गरी नीति कार्यान्वयनमा स्पष्टता ल्याइनेछ। कृषि क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत साधन र लगानीको वृद्धि गर्न सङ्घ, प्रदेश र स्थानीय तहको प्राथमिकता रहनेछ। नीति कार्यान्वयनका लागि आन्तरिक तथा वाह्य स्रोतहरूको परिचालन सुनिश्चित गरी कार्यान्वयन प्रक्रिया सहज बनाइनेछ। आर्थिक, सामाजिक, व्यवस्थापकीय र पर्यावरणीय जोखिमहरूको आँकलन र न्यूनीकरणका उपायहरू अवलम्बन गरिने छ।

१. आर्थिक जोखिम: बजेटको सीमितता र स्रोतको अभावमा वैदेशिक र आन्तरिक लगानीको सही व्यवस्थापन गरेर वित्तीय स्रोतहरू जुटाउने प्रयास गरिने छ।

२. सामाजिक जोखिम: कृषकहरू र समुदायका सरोकारवालाहरूको सहभागीता र समन्वयलाई प्रोत्साहित गरेर नीति कार्यान्वयनमा सामाजिक सहमति जुटाउने प्रयास गरिने छ।

३. व्यवस्थापकीय जोखिम: प्रशासनिक संरचनाको सुदृढीकरण र कार्यकारी निकायहरूको क्षमता अभिवृद्धि गरेर व्यवस्थापकीय जोखिम न्यूनीकरण गरिने छ।

४. पर्यावरणीय जोखिम: दिगो कृषि अभ्यास र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि प्रविधिको समन्वय र प्राकृतिक स्रोतहरूको संरक्षणमा ध्यान केन्द्रित गरिने छ।

## ३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन

प्रस्तुत नीतिको कार्यान्वयनबाट अपेक्षित प्रतिफल तथा उद्देश्य हासिल भए नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न परिच्छेद-३ अन्तर्गतका समिति तथा समितिमा तोकिएको सम्बन्धित निकायले सबै निकायहरूसँग समन्वय गर्नेछन्। साथै, सरकारी, वैदेशिक तथा निजी स्रोतबाट सञ्चालित सम्पूर्ण कृषि कार्यक्रमहरूको वार्षिक रूपमा समन्वयात्मक तथा प्रभावकारी अनुगमन सरकारी, विकास साझेदार, निजी क्षेत्र, तथा अन्य सरोकारवालाहरूको सहभागितामा एक संयुक्त कृषि क्षेत्र समीक्षा (Joint Agriculture Sector Review) संयन्त्र मार्फत गरिने छ। यसले अनुगमन मूल्याङ्कनको सुचकसहित नतिजा खाका अनुगमनको ढाँचा, विधि प्रक्रिया तथा अनुगमन मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको कार्यान्वयन गर्नेछ। यस नीतिको प्रभाव मूल्याङ्कन राष्ट्रिय योजना आयोगले गर्नेछ। राष्ट्रिय कृषि नीति, २०८३ कृषिसँग सम्बन्धित विषय समेट्ने प्रमुख नीति भएकोले यस नीति अनुकूल नभएका ऐन, नियम तथा नीतिहरू तत् तत् निकायले यो नीति लागु भएको २ वर्ष भित्र यो नीति अनुरूप हुनेगरी संशोधन एवं परिमार्जन गर्नुपर्नेछ। राष्ट्रिय कृषि नीतिलाई प्रत्येक ५ वर्षमा पुनरावलोकन गरिने छ र आवश्यकताअनुसार परिमार्जन गरिने छ।

## ३.७ नीति कार्यान्वयन कार्ययोजना

नीति कार्यान्वयन कार्ययोजना अनुसूची-१ मा उल्लेख भएअनुसार हुनेछ ।

## ३.८ खारेजी र बचाउ

राष्ट्रिय कृषि नीति, २०६१ खारेज गरिएको छ। राष्ट्रिय कृषि नीति, २०६१ बमोजिम भए गरेका कामहरू यसै नीतिबमोजिम भएको मानिनेछ।

# अनुसूची-१ः नीति कार्यान्वयन कार्ययोजना

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| **नीति २.५.१ सँग सम्बन्धित (आधारभूत खाद्यवस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल गरिने छ। )** | | | | | | |
| १. | गुणस्तरीय उत्पादन सामग्री र प्राविधिक सेवाटेवा सहज र सुलभ रूपमा उपलब्ध हुन सक्ने गरी स्रोतकेन्द्र र पूर्वाधार विकास गर्ने । | प्रदेश सरकार तथा स्थानीय तह | कृषि, वन तथा पर्यावरण मन्त्रालय; सहकारी तथा निजी क्षेत्र | निरन्तर | प्रदेश तथा स्थानीय तहहरूमा स्रोत केन्द्रहरू विकास भएको हुने। | |
| २. | कृषि उत्पादन सामग्रीहरूको गुणस्तर सुनिश्चित गर्न कानूनी तथा संस्थागत व्यवस्था मिलाउने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय | स्थानीय तह, कृषि उद्यमी तथा सहकारी, निजी क्षेत्र | ३ वर्ष | नियमन तथा गुणस्तर सुनिश्चित गर्ने संस्थागत व्यवस्था विकास भएको हुने। | |
| ३. | कृषि प्रसार तथा पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन निजी-सरकारी-सहकारी क्षेत्रबिचको साझेदारीमा गुणस्तरीय प्राविधिक सेवा विस्तार गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय तथा स्थानीय तह | सहकारी, निजी क्षेत्र | निरन्तर | कृषि प्रसार सेवामा निजी-सरकारी-सहकारी क्षेत्रबिचको साझेदारी मार्फत प्राविधिक सेवा विस्तार भएको हुने। | |
| ४. | कृषि तथा पशुपन्छी फार्म केन्द्र र मत्स्य आनुवंशिक स्रोत केन्द्रहरूको सुदृढीकरण गरी सिकाइ केन्द्रको रूपमा विकास | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकारको | - | निरन्तर | कृषि तथा पशुपन्छी फार्म केन्द्र, मत्स्य आनुवंशिक स्रोत केन्द्रहरू सिकाइ केन्द्रको रूपमा विकास भएको | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | गर्ने। | कृषि हेर्ने मन्त्रालय | | | हुने। | |
| ५. | सिँचाइ प्रणालीहरूको विकास, विस्तार र व्यवस्थापन मार्फत जल उपयोग दक्षता अभिवृद्धि गर्ने। | ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय; सिँचाइसम्बन्धी प्रदेश मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय एवं स्थानीय तह | निरन्तर | जलस्रोतको दिगो उपयोग मार्फत सिँचाइका लागि जल उपयोग दक्षता वृद्धि भएको हुने। | |
| ६. | सिँचाइका पूर्वाधारमा वातावरण मैत्री शून्य शक्ति तथा नविकरणीय ऊर्जाको प्रयोगलाई प्राथमिकता दिइने। | ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय; सिँचाइसम्बन्धी प्रदेश मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय एवं स्थानीय तह | निरन्तर | वातावरणमैत्री तथा नविकरणीय ऊर्जाको सिँचाइमा प्रयोग वृद्धि भएको हुने। | |
| ७. | साना र सीमान्त कृषकको वित्तीय पहुँच हुने गरी कर्जा प्रवाहको प्रक्रिया सरलीकृत गर्ने । | नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक तथा वित्तीय संस्थाहरू | अर्थ मन्त्रालय; कृषि, वन तथा पर्यावरण मन्त्रालय | ३ वर्ष | वित्तीय संस्थाहरूद्वारा प्रवाहित हुने कर्जामा साना र सीमान्त कृषकको पहुँच वृद्धि हुने। | |
| ८. | साना तथा मझौला कृषक र महिलालाई लक्षित गरी विभिन्न प्रकारका कृषि यन्त्र, उपकरण तथा प्रविधिको विकास र विस्तार गर्ने। | नेपाल कृषि अनुसन्धान परिषद् | कृषि विभाग, प्रदेश सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र | निरन्तर | देशको भूभाग सुहाउँदो तथा साना मझौला कृषक र महिला समुदायलाई उपयुक्त कृषि उपकरण तथा प्रविधिको विकास तथा विस्तार भएको हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| ९. | कृषि यन्त्र तथा उपकरण उत्पादन गर्ने उद्योगहरूलाई सहुलियत प्रदान गर्ने। | अर्थ मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय; उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | कृषि यन्त्र तथा उपकरण उत्पादन गर्ने उद्योगहरूको प्रवर्धन हुने। | |
| १०. | कृषि भूमिमाथि बढ्दै गएको अतिक्रमण रोक्ने। | स्थानीय तह; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय; भूमि व्यवस्था हेर्ने प्रदेश मन्त्रालय | निरन्तर | खेतीका लागि कृषि योग्य भूमिको कम्तिमा ९० प्रतिशत भूमि सुरक्षित भएको हुने। | |
| ११. | खाली, बाँझो, पर्ति तथा सीमान्तीकृत जग्गाको उपयोगिता बढाउने । | स्थानीय तह; प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय | निरन्तर | खाली, बाँझो, पर्ति तथा सीमान्तीकृत जमिनमा बाली/वस्तु उत्पादनको सम्भाव्यता पहिचान र रोजगार तथा जीविकोपार्जन प्रवर्धन भएको हुने। | |
| १२. | जमिनको चक्लाबन्दी प्रोत्साहन गर्ने। | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; प्रदेश स्थित कृषि तथा भूमि व्यवस्था हेर्ने | निरन्तर | जमिनको चक्लाबन्दी प्रोत्साहन गर्ने नीतिगत तथा कानूनी व्यवस्था भएको हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | मन्त्रालय | | | |
| १३. | भू-क्षयका दृष्टिले संवेदनशील क्षेत्रमा कृषि-वन प्रणाली विकास गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय र स्थानीय तह | प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय | निरन्तर | निजी तथा सामुदायिक कृषि-वन प्रणाली प्रवर्धन भएको हुने। | |
| १४. | कृषि प्रविधि विकास र विस्तारमा सरकारी तथा निजी लगानी वृद्धि गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी उद्यमी तथा सङ्घ संस्था, अर्थ मन्त्रालय | निरन्तर | कृषि प्रविधि विकास र विस्तारमा निजी लगानी वृद्धि भएको हुने। | |
| १५. | कृषि प्रविधि विस्तारमा नवीन सूचना तथा सञ्चार प्रविधिको उपयोग बढाउने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | गैरसरकारी, सहकारी तथा निजी कृषिसँग सम्बन्धित सङ्घ संस्थाहरू | निरन्तर | नविन सूचना तथ सञ्चार प्रविधिको प्रयोग मार्फत अनुसन्धान प्रणालीबाट विकास भएका प्रविधिहरू कृषकस्तरमा प्रसार हुने। | |
| १६. | कृषि प्रविधि विकास र विस्तारमा सरकारी, सहकारी र निजी क्षेत्रको समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ, नतिजामूलक र व्यवहारिक बनाउने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | कृषिसँग सम्बन्धित गैरसरकारी, सहकारी तथा निजी सङ्घ संस्थाहरू | निरन्तर | मूल्य श्रृङ्खलामा आधारित रही प्रविधि विकासमा सरोकारवालाहरूको भूमिका स्पष्ट हुने तथा समन्वय, सहकार्यमा प्रभावकारिता वृद्धि हुने। | |
| १७. | राष्ट्रिय कृषि अनुसन्धान प्रणालीको पुनर्संरचना गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | ३ वर्ष | विभिन्न भौगोलिक क्षेत्र र प्रदेशहरूमा विषयगत राष्ट्रिय अनुसन्धान केन्द्रहरू | |

| क्र.स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कार्यालय | | स्थापना भएको हुने । | |
| १८. | कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | स्थनीय तह, प्रदेश सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा कृषि अध्यापन गराउने विश्वविद्यालय | निरन्तर | कृषि अनुसन्धान, प्रसार तथा शिक्षाबिचको अन्तरसम्बन्ध सुदृढ भएको हुने । | |
| १९. | आधारभूत एवं रणनीतिक कृषि बाली वस्तुको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश सरकार तथा स्थानीय तह, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | बालीवस्तु भित्र्याउने अगाडि नै न्यूनतम समर्थन मूल्य निर्धारण तथा बजार सुनिश्चितताका लागि बजार सञ्जाल तथा पूर्वाधार विकास भएको हुने। | |
| २०. | विपन्न, सीमान्त र साना कृषक केन्द्रित मूल्य श्रृङ्खला विकास प्रवर्धन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | सहकारी, गैरसरकारी तथा निजी क्षेत्र | निरन्तर | सीमान्त तथा साना कृषक केन्द्रित मूल्य श्रृङ्खला विकासबाट उक्त समुदायमा रोजगारी सिर्जना तथा आय वृद्धि भएको हुने। | |
| २१. | कृषि, पशुपन्छी तथा मत्स्य बिमाको दायरा बढाउने। | राष्ट्रिय बिमा प्राधिकरण | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा | निरन्तर | कृषि बिमाको दायरा तथा कृषकको पहुँचमा वृद्धि भएको हुने। | |

| क्र.स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थानीय तह, गैरसरकारी तथा निजी क्षेत्र | | | |
| २२. | सङ्घ, प्रदेश र स्थानीयस्तरमा विशिष्टिकृत कृषि, पशुपन्छी तथा मत्स्य प्रयोगशालाहरूको स्थापना तथा सुदृढीकरण गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | अर्थ मन्त्रालय, निजी क्षेत्र, कृषि अध्यापन गराउने विश्वविद्यालय, प्रदेश सरकार तथा स्थानीय तह | ५ वर्ष | गुणस्तर नियमनका लागि तीनै तहको सरकारको समन्वयमा आवश्यक प्रयोगशाला तथा पूर्वाधार स्थापना हुने। | |
| **नीति २.५.२ सँग सम्बन्धित (गुणस्तरीय र पोषणयुक्त खाद्यवस्तु पर्याप्त मात्रामा उपलब्ध गराइने छ।)** | | | | | | |
| २३. | विविधतायुक्त स्थानीय तथा रैथाने बाली वस्तुको उत्पादन, उपयोग तथा बजार प्रवर्धन गर्ने। | प्रदेश सरकार तथा स्थानीय तह | कृषि, वन तथा पर्यावरण मन्त्रालय; सहकारी, गैरसरकारी तथा निजी सङ्घ संस्था तथा व्यवसायीहरू | निरन्तर | समुदाय लक्षित स्थानीय बाली तथा पशु उत्पादन, उपयोग प्रवर्धन तथा खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि भएको हुने। | |
| २४. | कृषि वस्तु उत्पादन, प्रशोधन र बजारीकरण सहयोगका लागि स्थानीय तहहरूलाई सक्षम बनाउने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश सरकार तथा स्थानीय तह, गैरसरकारी तथा | निरन्तर | कृषि उपज उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि स्थानीय तहको क्षमता विकास भएको हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | निजी सङ्घ संस्थाहरू | | | |
| २५. | सबै तहमा खाद्य तथा पोषण सुरक्षाका लागि आकस्मिक सेवा प्रदान गर्ने संयन्त्रको विकास गर्ने। | गृह मन्त्रालय; उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय; खाद्य व्यवस्था तथा व्यापार कम्पनी, प्रदेश मन्त्रालयहरू र स्थानीय तह | निरन्तर | विभिन्न प्रकोप तथा महामारीका कारणले खाद्य असुरक्षा हुने अवस्था न्यूनीकरण हुने । | |
| २६. | प्रत्येक स्थानीय तहहरूमा क्रमश: खाद्य भण्डार गृह निर्माण गर्ने। | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; प्रदेश सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | ५ वर्ष | स्थानीय तहमा खाद्य भण्डार निर्माण भई खाद्य सञ्चयको व्यवस्था हुने तथा आपूर्ति सुनिश्चितताका लागि स्थानीय तहमा संस्थागत तथा कानूनी व्यवस्था स्थापना हुने। | |
| २७. | खाद्यान्न उत्पादन कम हुने क्षेत्रमा आय विविधीकरणका वैकल्पिक प्रविधिको विकास र विस्तार गर्ने। | स्थानीय तह, प्रदेश सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | गैरसरकारी, सहकारी तथा निजी सङ्घ संस्था | निरन्तर | वैकल्पिक आय वृद्धिका क्षेत्र पहिचान, प्रवर्धन तथा विस्तार भएको हुने। | |
| २८. | प्रत्येक प्रदेशमा खाद्यान्न जगेडा भण्डार (बफर स्टक) को व्यवस्था गर्ने। | प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय र कृषि, वन तथा | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | हरेक प्रदेशमा खाद्यान्न जगेडा भण्डारको व्यवस्था तथा आपतकालीन वितरण व्यवस्था कायम भएको हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पर्यावरण मन्त्रालय | | | | |
| २९. | खाद्य असुरक्षासम्बन्धी तथ्याङ्क संकलन र विश्लेषण गर्न एवं तत्काल प्रतिकार्यको लागि प्रविधि र सूचना प्रणालीको उपयोग गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | राष्ट्रिय तथ्याङ्क कार्यालय | निरन्तर | खाद्य असुरक्षासम्बन्धी तथ्याङ्क संकलन र विश्लेषणका प्रतिवेदनहरू अद्यावधिक भएको हुने। | |
| **नीति २.५.३ सँग सम्बन्धित (कृषि क्षेत्रको व्यवसायीकरण र औधोगिकीकरणमार्फत प्रतिस्पर्धी कृषि उत्पादन प्रवर्धन गरिने छ ।)** | | | | | | |
| ३०. | तुलनात्मक लाभ दिन सक्ने निर्यातयोग्य बालीवस्तुहरूको पहिचान र प्रवर्धन गर्ने। | प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; सहकारी सङ्घ संस्थाहरू तथा निजी क्षेत्र | ३ वर्ष | तुलनात्मक लाभ भएका बाली तथा पशुपन्छीको पहिचान र प्रवर्धन हुने। | |
| ३१. | निर्यातजन्य बालीवस्तुहरूको उत्पादकत्व वृद्धि, प्रतिस्पर्धी क्षमता विकास, निर्यात सहजीकरण तथा प्रोत्साहन गर्ने। | स्थानीय तह, प्रदेश सरकार र कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | निर्यातजन्य बालीवस्तुहरूको प्रवर्धन तथा कृषि सडक सञ्जाल विकास भएको हुने । | |
| ३२. | सरकारी तथा गैरसरकारी क्षेत्रको सहभागितामा व्यापारिक तथा व्यवसाय सेवा केन्द्रको स्थापना तथा विकास गर्ने। | स्थानीय तह, प्रदेश सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी तथा गैरसरकारी क्षेत्र | निरन्तर | स्थानीय तहहरूमा व्यवसायिक सेवा केन्द्रको स्थापना भएको हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| ३३. | कृषिजन्य उत्पादनको मूल्य अभिवृद्धिको लागि आधुनिक प्रविधिको उपयोग बढाउने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | उत्पादन विविधीकरण तथा आम्दानी वृद्धि भएको हुने। | |
| ३४. | उत्पादनका थलोहरूमा प्रशोधन र मूल्यवर्द्धन केन्द्र (value addition center) हरूको स्थापना गर्ने। | प्रदेश सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | बृहत् उत्पादन स्थलहरूमा प्रशोधन र मूल्यवर्धन केन्द्रहरूको स्थापना भएको हुने। | |
| ३५. | व्यवसायिक कृषि उत्पादन लागतको विश्लेषण गरी लागत प्रभावी उपायहरूको खोजी गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय; विश्वविद्यालय तथा नेपाल कृषि अनुसन्धान परिषद् र अन्य अनुसन्धान गर्ने सङ्घ संस्था | निरन्तर | लागत प्रभावी उपाय तथा निकासी अवसरहरूको पहिचान तथा कार्यान्वयन भएको हुने। | |
| ३६. | कृषि मूल्य श्रृङ्खलामा आबद्ध सरोकारवालाको क्षमता विकास गर्ने। | प्रदेश सरकार र कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | सरोकारवालाहरूको क्षमता विकास भई दक्षता वृद्धि भएको हुने। | |
| ३७. | कृषि उद्यम स्थापना शुरुवाती सहयोग र कृषि व्यवसाय इन्कुबेशन केन्द्रहरूको | स्थानीय तह, प्रदेश सरकार तथा कृषि, | निजी, सहकारी तथा गैरसरकारी सङ्घ | निरन्तर | कृषि उद्यम स्थापना तथा कृषि मूल्य श्रृङ्खलामा युवाहरूको सहभागिता तथा | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | स्थापना र सञ्चालन गर्ने। | वन तथा पर्यावरण मन्त्रालय | संस्था | | रोजगारीको हिस्सा वृद्धि भएको हुने। | |
| ३८. | कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण, कृषि व्यवसाय प्रवर्धन, कृषि बजार व्यवस्थापन र नियमनका लागि छुट्टै संस्थागत संरचना निर्माण गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | अर्थ मन्त्रालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश सरकार | २ वर्ष | कृषि बजार व्यवस्थापन र नियमनका लागि विद्यमान संस्थागत तथा जनशक्ति व्यवस्था भित्रैबाट एक निर्दिष्ट संरचना खडा हुने। | |
| ३९. | प्रदेश र स्थानीय तहमा कस्टम हायरिङ सेण्टर (Custom Hiring Center) विस्तार गर्ने । | स्थानीय तह, प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | कस्टम हायरिङ सेन्टर मार्फत यान्त्रीकरण प्रवर्धन तथा पहुँच विस्तार भएको हुने। | |
| ४०. | कृषि क्षेत्रमा करारलाई व्यवस्थित तथा वैज्ञानिक बनाउने । | कृषि, वन तथा पर्यावरण मन्त्रालय | स्थानीय तह, प्रदेश सरकार तथा निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | ३ वर्ष | कृषि क्षेत्रमा करार व्यवस्थापनका लागि संस्थागत संयन्त्र तथा जनशक्ति विकास भएको हुने। | |
| ४१. | पशु कल्याण तथा पशु पहिचानका लागि | कृषि, वन तथा | कानून, न्याय तथा | २ वर्ष | पशु कल्याण तथा पशु पहिचानका | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | ट्रेसियाविलिटि (traceability) सुनिश्चित गर्ने। | पर्यावरण मन्त्रालय | संसदीय मामिला मन्त्रालय; अर्थ मन्त्रालय; प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय | | लागि ट्रेसियाविलिटि सुनिश्चित गर्ने कानूनी तथा संरचनागत व्यवस्था भएको हुने। | |
| ४२. | पर्यटकीय क्षेत्रमा स्थानीय कृषि उत्पादनको उपयोगलाई प्रवर्धन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | पर्यटन विभाग तथा पर्यटन बोर्ड, स्थानीय तह | निरन्तर | कृषि पर्यटन अभिवृद्धि तथा पर्यटकीय क्षेत्रमा स्थानीय कृषि उपजको आपूर्ति श्रृङ्खला विकास भएको हुने। | |
| ४३. | बृहत् कृषि उत्पादनका कृषि व्यवसाय कोरिडोरहरूको विकास एवं विस्तार गरिनेछ। | प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | स्थानीय तह, निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | ५ वर्ष | सडक सञ्जाल आसपास र रणनीतिक स्थानमा बृहत् कृषि उत्पादनका क्षेत्रहरू विकास हुने। | |
| ४४. | एकीकृत भूमि व्यवस्थापन प्रणाली विकास गर्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रदेश सरकार तथा स्थानीय तह, कृषि, वन तथा पर्यावरण मन्त्रालय | ५ वर्ष | एकीकृत भूमि व्यवस्थापन प्रणालीको विकास भई भूमिको महत्तम उपयोगमा टेवा पुग्ने। | |
| ४५. | स्थानीय तहमा भूमि करार सूचना केन्द्र स्थापना गर्ने। | स्थानीय तह | भूमि व्यवस्था, सहकारी, सङ्घीय | २ वर्ष | स्थानीय तहमा भूमि करार सूचना केन्द्र स्थापना भएको हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | मामिला तथा सामान्य प्रशासन मन्त्रालय; कृषि, वन तथा पर्यावरण मन्त्रालय | | | |
| ४६. | सामूहिक वा सहकारी खेती प्रवर्धन गर्ने । | स्थानीय तह, प्रदेश सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | सामुहीक/सहकारी खेती प्रवर्धन भई सहभागितामूलक कृषि प्रसार पद्दतिको प्रवर्धन भएको हुने। | |
| ४७ | स्वस्थ र पोषणयुक्त स्वदेशी कृषि उत्पादन उपभोग गर्न राष्ट्रिय अभियान सञ्चालन गर्ने। | स्थानीय तह, प्रदेश सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | संचार माध्यम, उपभोक्ता हकहित सम्बन्धी कार्य गर्ने संस्थाहरू | निरन्तर | स्वदेशी उत्पादनको उपभोग वृद्धि भई कृषकलाई व्यवसायिक उत्पादनमा प्रोत्साहन हुने। | |
| ४८. | बजार मूल्य सूचना प्रणालीलाई व्यवस्थित बनाउने। | स्थानीय तह, प्रदेश तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीतामा मूल्य श्रृङ्खलाहरू केन्द्रित बजार पूर्वाधार तथा व्यवस्थित बजार सूचना प्रणालीको विकास भएको हुने। | |
| **नीति २.५.४ सँग सम्बन्धित (अन्तर्राष्ट्रिय बजारमा निर्यातयोग्य कृषि उपजहरूको पहुँच विस्तार गरिने छ।)** | | | | | | |

| क्र.स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| ४९. | उत्पादन थलो नजिक सङ्कलन केन्द्रका साथै चिस्यान केन्द्र, ग्रेडिङ, प्याकेजिङ र लेवलिङ गर्ने सुविधा विस्तार गर्ने। | स्थानीय तह, प्रदेश सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | उत्पादन स्थल नजिक चिस्यान केन्द्र, ग्रेडिङ, प्याकेजिङ र लेवलिङ गर्ने पूर्वाधार विकास भएको हुने। | |
| ५०. | शहरी क्षेत्रमा सङ्गठित थोक तथा खुद्रा बजार तथा शीत भण्डारहरू निर्माण गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश सरकार र स्थानीय तह, निजी, सहकारी सङ्घ संस्था | निरन्तर | शहरी क्षेत्रमा सङ्गठित थोक तथा खुद्रा बजार तथा शीत भण्डार पूर्वाधारहरू विकास भएको हुने। | |
| ५१. | कृषि वस्तुहरूको विद्युतीय (डिजिटल) बजार प्रवर्धन तथा नियमनका पूर्वाधार विकास गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | कृषि वस्तुहरूको विद्युतीय (डिजिटल) बजार प्रवर्धन तथा नियमनका लागि आवश्यक संस्थागत र संरचनागत व्यवस्था स्थापना भएको हुने। | |
| ५२. | मार्केट इन्टेलिजेन्स प्रणाली विकास गर्ने। | स्थानीय तह, प्रदेश सरकार तथा कृषि, वन तथा पर्यावरण मन्त्रालय | निजी, सहकारी सङ्घ संस्था तथा व्यवसायी | निरन्तर | बजार अवसर तथा जोखिम पहिचान गर्ने गरी मार्केट इन्टेलिजेन्स प्रणाली विकास हुने। | |
| ५३. | कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | गृह मन्त्रालय, निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | २ वर्ष | कृषि उपजहरूको ढुवानी सेवामा प्रयोग हुने साधनहरूलाई अत्यावश्यक सेवाका रूपमा निर्बाध सञ्चालन हुने व्यवस्था हुनेछ। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| ५४. | कृषि उपजको उत्पादनोपरान्त हुने क्षति कम गर्न प्रविधि विकास र विस्तार गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | निजी, सहकारी तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | उत्पादनोपरान्त हुने क्षति कम गर्न प्रविधि विकास, प्रसार, अनुसरण भई क्षति न्यूनीकरण हुने। | |
| ५५. | कृषि क्षेत्र सहयोगी कर तथा अनुदान नीति तर्जुमा गरी लागु गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | अर्थ मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | निरन्तर | अनुकूल कर तथा अनुदान नीति मार्फत व्यावसायिक कृषि प्रवर्धन हुने। | |
| ५६. | स्वदेशी कच्चा पदार्थमा आधारित कृषिजन्य उद्योगहरू प्रवर्धन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | निरन्तर | सहकारी संस्था, कृषिजन्य उद्योगहरू र कृषि फर्महरूमार्फत स्वदेशी कच्चा पदार्थमा आधारित साना तथा मझौला कृषिजन्य उद्योगहरू प्रवर्धन हुने। | |
| ५७. | कृषिजन्य उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय; निजी सङ्घ संस्था तथा व्यवसायी | निरन्तर | उत्पादन क्षेत्र नजिक उद्योगहरू प्रवर्धन भई उत्पादन तथा रोजगारी वृद्धि भएको हुने। | |
| ५८. | स्यानिटरी तथा फाइटोस्यानिटरी सम्झौता अनुसार खाद्य, पशु र प्लाण्ट क्वारेन्टाइन | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; अर्थ मन्त्रालय | ३ वर्ष | स्यानिटरी तथा फाइटोस्यानिटरी पूर्वाधार विकास भई निकासी वृद्धि हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | सेवालाई सुदृढीकरण गरी सबल वनाउने। | | | | | |
| ५९. | कृषि वस्तुको प्रशोधन र प्याकेजिङ गुणस्तर प्रमाणीकरण र ट्रेसेबिलिटी सुनिश्चित गर्ने। | खाद्य तथा गुण नियन्त्रण विभाग | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | खाद्य स्वच्छता र गुणस्तरमा विश्वसनीयता वृद्धि हुने। | |
| ६०. | कृषिजन्य वस्तुको प्रशोधन र मूल्यवर्धन ब्रान्डिङ र मार्केटिङ तथा प्याटेन्ट अधिकार सुनिश्चित गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | सहकारी तथा निजी व्यवसायी तथा सङ्घ संस्था | निरन्तर | कृषि उपजको प्रशोधन, मूल्यवर्धन ब्रान्डिङ र मार्केटिङ तथा प्याटेन्ट अधिकार सुरक्षित भई निर्यात प्रवर्धन हुने। | |
| ६१. | विदेशमा नेपाली कृषि उपजहरूको प्रवर्धन गर्न मेला, प्रदर्शनी जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने। | परराष्ट्र मन्त्रालय तथा निजी व्यवसायी तथा सङ्घ संस्था | कृषि, वन तथा पर्यावरण मन्त्रालय | निरन्तर | विदेशमा नेपाली पहिचान दिने कृषि उपजहरूको प्रवर्धन भएको हुने। | |
| **नीति २.५.५ सँग सम्बन्धित (कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन र सदुपयोग गरिने छ।)** | | | | | | |
| ६२. | कृषकहरूले अपनाएका परम्परागत ज्ञान, सिप र आविष्कारलाई बौद्धिक सम्पत्तिको रूपमा दर्ता गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | परम्परागत ज्ञान, सिप र आविष्कारलाई बौद्धिक सम्पत्तिको रूपमा दर्ता गर्न कानूनी र संस्थागत व्यवस्था भएको हुने। | |
| ६३. | स्थानीय स्तरमा उपलब्ध रैथाने बिउ, जात र नश्लका साथै लोपोन्मुख बाली तथा | कृषि, वन तथा | प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय | निरन्तर | स्थानीय स्तरमा पाईने रैथाने बाली तथा पशुपन्छीको संरक्षण तथा संवर्धन | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | पशुपन्छीहरूको अभिलेखीकरण, पञ्जीकरण गर्ने। | पर्यावरण मन्त्रालय | तथा स्थानीय तह, कृषक तथा सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था | | हुने। | |
| ६४. | कृषि जैविक विविधता स्रोत संरक्षण र सदुपयोग गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश सरकार तथा स्थानीय तह, कृषक तथा सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था | निरन्तर | कृषि जैविक विविधिता संरक्षणका लागि स्थानीय तहको क्षमता विकास भएको हुने तथा उपयोगमा स्थानीय समुदायको अधिकार स्थापित भएको हुने। | |
| ६५. | कृषि जैविक विविधता स्रोत संरक्षण प्रविधिको अनुसन्धान, विकास र विस्तार गर्ने। | नेपाल कृषि अनुसन्धान परिषद, शैक्षिक संस्था तथा कृषि सम्बन्धी कार्य गर्ने अन्तराष्ट्रिय सङ्घ संस्थाहरू | प्रदेश सरकार तथा स्थानीय तह | निरन्तर | जैविक विविधता संरक्षण प्रविधिको अनुसन्धान, विकास तथा अनुसरण प्रवर्धन हुने । | |
| ६६. | स्वस्थ र सांस्कृतिक रूपमा उपयुक्त रैथाने, खाद्यवस्तुहरूको बारेमा व्यवस्थित अनुसन्धान र प्रचार प्रसार गर्ने। | नेपाल कृषि अनुसन्धान परिषद, शैक्षिक संस्था तथा कृषि सम्बन्धी कार्य | प्रदेश सरकार तथा स्थानीय तह | निरन्तर | रैथाने, स्वस्थ, तथा पौष्टिक आहारको प्रचार प्रसार तथा उपभोगमा वृद्धि भएको हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गर्ने अन्तराष्ट्रिय सङ्घ संस्थाहरू | | | | |
| **नीति २.५.६ सँग सम्बन्धित (पर्यावरणीय कृषि प्रणालीको प्रवर्धन गरिने छ।)** | | | | | | |
| ६७. | विशिष्टिकृत पारिस्थितिकीय प्रणालीमा पालिने नेपालका मौलिक पहिचान भएका याक, चौंरी, भेडा, च्याङ्ग्रालगायत स्थानीय पशुपन्छी संरक्षण गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | कृषक तथा सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था | निरन्तर | उच्च पहाडी तथा हिमाली विशिष्टकृत हावापानीमा पाईने पशुवस्तुको संरक्षण हुने। | |
| ६८. | पर्यावरणीय कृषि प्रणाली प्रवर्धनको राष्ट्रिय मार्गचित्र तयार पारी क्रमश: कार्यान्वयनमा लैजाने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश सरकार तथा स्थानीय तह, सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था | १ वर्ष | पर्यावरणीय कृषि प्रणाली प्रवर्धनको राष्ट्रिय मार्गचित्र तयार भएको हुने। | |
| ६९. | कृषि पारिस्थितिकीय प्रणालीको अवस्थाका आधारमा विभिन्न क्षेत्रहरूको वर्गीकरण (zoning) गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह | सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था | ३ वर्ष | विभिन्न क्षेत्रको वर्गीकरण भएको हुने। | |
| ७०. | कृषि पारिस्थितिकिय प्रणालीको क्षयीकरण हुनबाट संरक्षण गर्ने, बिग्रेका कृषि पारिस्थितिकीय प्रणालीको सुधार र | कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार तथा | सामुदायिक सङ्घ संस्था तथा | निरन्तर | कृषि पारिस्थितिकीय प्रणालीको संरक्षण र महत्तम उपयोग भएको | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | पुनर्स्थापना गर्ने। | स्थानीय तह | गैरसरकारी संस्था | | हुने। | |
| ७१. | पर्यावरणीय कृषि उपजको मूल्य श्रृङ्खला सुदृढीकरण गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | मूल्य श्रृङ्खला सुदृढ भई गरी न्यायोचित व्यापार प्रवर्धन हुने। | |
| ७२. | सीमान्तकृत, सुख्खा तथा न्यून उर्वराशील जमिनमा कोदो, फापर, बाजरा, कागुनो, चिनो आदिको उत्पादन प्रवर्धन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह | सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था | निरन्तर | सीमान्तकृत जमिनमा उत्पादन दिन सक्ने बालीहरूको प्रवर्धन भई जमिनको सदुपयोग तथा उत्पादन वृद्धि भएको हुने। | |
| ७३. | बिरुवा, पशुपन्छी तथा मत्स्यपालनमा प्रयोग हुने रसायन, एन्टिबायोटिक औषधी, रासायनिक मल, विषादी र हर्मोनको प्रयोगलाई नियमन र व्यवस्थित गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय तथा स्थानीय तह, कृषक, सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था, निजी क्षेत्र | निरन्तर | प्रकृतिलाई नकारात्मक असर पार्ने रासायनहरूको नियमन भई प्रयोगमा कमी आउने। | |
| ७४. | जैविक मल, जैविक विषादी र प्राङ्गारिक मलको मापदण्ड तर्जुमा गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय तथा स्थानीय तह, मल उद्यमी तथा | निरन्तर | बालीवस्तुमा प्रयोग हुने जैविक मल तथा विषादीको नियमन भएको हुने। | |

| क्र.स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | व्यवसायी | | | |
| ७५. | प्राङ्गारिक खेती प्रवर्धन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह | कृषक, सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था | ३ वर्ष | प्राङ्गारिक खेती प्रवर्धनका लागि उपयुक्त क्षेत्र र प्रविधी पहिचान भई प्रसार भएको हुने । | |
| ७६. | माटोको उर्वराशक्ति परीक्षणलाई व्यापक बनाउने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | कृषक, सामुदायिक सङ्घ संस्था | निरन्तर | माटोको उर्वराशक्ति व्यवस्थापन प्रभावकारी हुने तथा विद्यमान डिजिटल स्वायल म्यापिङ पद्दती सुदृढीकरण हुने। | |
| ७७. | माटोको स्वास्थ्य कार्डको आधारमा रासायनिक मलको सिफारिस गर्ने व्यवस्था मिलाउने। | प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय तथा स्थानीय तह | कृषि, वन तथा पर्यावरण मन्त्रालय; कृषक, सामुदायिक सङ्घ संस्था | निरन्तर | रासायनिक मलको सिफारिस र उपयोग वस्तुगत हुने। | |
| ७८. | जलवायु अनुकूलन एवं असर न्यूनीकरण गर्ने प्रविधिको पहिचान, विकास र विस्तार गर्ने। | नेपाल कृषि अनुसन्धान परिषद् | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | निरन्तर | जलवायु परिवर्तनको असर तथा क्षति न्यूनीकरण हुने। | |
| ७९. | जलवायुजन्य सम्भावित विपद् तथा कृषि मौसम सूचना प्रवाहित गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | जल तथा मौसम विज्ञान विभाग, प्रदेश | निरन्तर | जलवायुजन्य विपद्को पूर्व सूचना दिने प्रणाली सुदृढीकरण तथा सूचना प्रवाह | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सरकार तथा स्थानीय तह | | छिटो छरितो भई विपद्जन्य क्षति न्यूनीकरण हुने। | |
| ८०. | जलवायुमैत्री खेती प्रणालीसँग सम्बन्धित परम्परागत ज्ञान, सिप, अभ्यास एवं नवीनतम प्रविधिको अभिलेखन, प्रवर्धन र विस्तार गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | कृषक, सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी संस्था | निरन्तर | जलवायुमैत्री खेती प्रणालीसँग सम्बन्धित परम्परागत ज्ञान, सिप, अभ्यासको व्यवस्थापन तथा प्रयोग वृद्धि हुने। | |
| ८१. | जलवायु परिवर्तनबाट बढी संवेदनशील तथा प्रभावित वर्ग तथा क्षेत्रमा आधारित अनुकूलन कार्यक्रमहरू सञ्चालन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | कृषक, सामुदायिक सङ्घ संस्था तथा गैरसरकारी सङ्घ संस्था | निरन्तर | लक्षित समुदाय निर्देशित कार्यक्रम सञ्चालन हुँदा जलवायु परिवर्तनका जोखिमसँग अनुकूलन हुन सहयोग गर्ने। | |
| ८२. | रणनैतिक स्थानहरूमा मौसम मापन केन्द्रहरूको विस्तार गरी यथार्थ तथ्याङ्कहरू (real time data) सङ्कलन, विश्लेषण र सम्प्रेषण गर्ने। | जल तथा मौसम विज्ञान विभाग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय; कृषि, वन तथा पर्यावरण मन्त्रालय | ३ वर्ष | मौसम मापन केन्द्रहरूको विस्तार गरी यथार्थ तथ्याङ्कहरू (real time data) सङ्कलन, विश्लेषण र संप्रेषण गर्ने प्रणालीको सुदृढीकरण हुने। | |
| **नीति २.५.७ सँग सम्बन्धित (सङ्घ, प्रदेश र स्थानीय तहबिच नीतिगत सामञ्जस्यता कायम गरिने छ।)** | | | | | | |
| ८३. | सङ्घ, प्रदेश र स्थानीय तहका कृषि सम्बद्ध निकायहरूको पुनर्संरचना गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार तथा | अर्थ मन्त्रालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा | ३ वर्ष | कृषिसम्बन्धी संरचनाहरूको समयानुकूल परिमार्जन भएको हुने। | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | सामान्य प्रशासन मन्त्रालय | | | |
| ८४. | कृषि सम्बद्ध विश्वविद्यालय, अनुसन्धान गर्ने निकाय र कृषि प्रसारका निकायबिच समन्वयात्मक कार्यप्रणाली सञ्चालन गर्ने, संयन्त्र विकास गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश तथा स्थानीय तह, कृषि सम्बद्ध विश्वविद्यालय र नेपाल कृषि अनुसन्धान परिषद् | २ वर्ष | कृषि अनुसन्धान प्रसार र शिक्षाबिच समन्वय गर्ने कार्यप्रणाली विकास भएको हुने। | |
| ८५. | कृषि शिक्षाको गुणस्तर व्यवस्थापन र नियमन गर्न कृषि परिषद् गठन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | अर्थ मन्त्रालय; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ वर्ष | कृषि परिषद् गठन भएको हुने। | |
| **नीति २.५.८ सँग सम्बन्धित (तीन तहका सरकार, निजी क्षेत्र, सहकारी र अन्य सरोकारवालाबिचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइने छ।)** | | | | | | |
| ८६. | कृषि तथ्याङ्कको सङ्कलन, विश्लेषण तथा संप्रेषणका लागि तीनै तहका सरकारमा अलग्गै कृषि तथ्याङ्क इकाइको व्यवस्था गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय; प्रदेश सरकार तथा स्थानीय तह | राष्ट्रिय तथ्याङ्क कार्यालय | तत्काल | तीनै तहका सरकारमा अलग्गै कृषि तथ्याङ्क इकाइको व्यवस्था हुने। | |
| ८७. | अनुदान वितरणमा भौचर, विद्युतीय तथा कोटा प्रणाली अवलम्बन गरी उत्पादनमा | कृषि, वन तथा पर्यावरण मन्त्रालय; | अर्थ मन्त्रालय; | १ वर्ष | अनुदान प्रवाह सरल, पारदर्शी तथा | |

| क्र. स. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| | आधारित तथा उत्पादन सामग्रीमा आधारित अनुदान प्रणालीको अवलम्बन गर्ने। | प्रदेश सरकार तथा स्थानीय तह | वित्तीय संस्था | | व्यवस्थित भई दोहोरोपना हट्ने। | |
| **नीति २.५.९ सँग सम्बन्धित (सेवा प्रवाह तथा विकास कार्यक्रममा सुशासन प्रवर्धन गरिने छ।)** | | | | | | |
| ८८. | कृषि क्षेत्रमा काम गर्ने विभिन्न तहका सरकारी, गैरसरकारी, निजी र सहकारी सङ्घ संस्थाहरूको सेवा प्रवाहको आचारसंहिता बनाइ लागु गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश सरकार तथा स्थानीय तह, समाज कल्याण परिषद् | १ वर्ष | आचारसंहिता तर्जुमा तथा कार्यान्वयनबाट कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने। | |
| ८९. | सूचना प्रविधिको प्रभावकारी उपयोग मार्फत विद्युतीय सूचना प्रणालीको विकास र विस्तार गर्ने । | कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश सरकार | सूचना तथा सञ्चार मन्त्रालय | निरन्तर | सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्धन हुने । | |
| ९०. | कृषकहरूको पहिचान एवं वर्गीकरण गरी स्थानीय तहमा पञ्जीकरणको व्यवस्था गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | प्रदेश तथा स्थानीय तह | २ वर्ष | कृषक पञ्जीकरणको तथा कृषक परिचयपत्र वितरण भएको हुने। | |